# अध्याय-एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रश्तुत शोधपत्रको शीर्षक कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको एक अध्ययन रहेको छ ।

## १.२ शोध-प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सिन्धली बहुमुखी क्याम्पस अर्न्तगत नेपाली भाषा शिक्षा विभागको एम्.एड्. दास्रो वर्ष नेपाशि.५९८ पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

भाषाविचार विनिमयको माध्यम भएकोले विचारको आदानप्रदान भाषाबाट नै गरिन्छ । भाषिक आदान-प्रदानका प्रक्रियामा भाषिक सीपहरु प्रयोग भएका हुन्छन् । त्यसमध्येमा अभिव्यक्तिको प्रौढ र परिपक्व रुप लेखाइ सीप हो । आफ्ना मनमा गुम्सिएर रहेका कुरा व्यक्त गर्ने महत्वपुर्ण आधार हो । त्यसैले विद्यालय तहमा विद्यार्थीहरुलाई परिचित विषयमा निवन्ध लेखनसम्वन्धी पाठ्यवस्तुलाई महत्व दिईरहेको परिप्रक्ष्यमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित रहेर अनुसन्धान अध्ययन गर्ने उदेश्यले प्रश्तुत शीर्षकसँग सम्वन्धित समस्याहरुलाई निम्नअनुसार देखाइएको छ ।

- कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कस्तो छ ?
- सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा निबन्ध लेखन क्षामताको स्थीति के कस्तो छ ?
- पहिलो नेपाली भाषी दोस्रो नेपाली भाषी विद्यार्थीहरुबीच निवन्धलेखन क्षमता कस्तो छ ?
- कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुमा निबन्ध लेखनसम्वन्धी के कस्ताकमीकमजोरीहरु रहेका छन् ?
- निवन्ध लेखन सुधारका लागि के कस्ता सुझाव हुन सक्छन् ?

### १.४ अध्ययनको उदेश्य

प्रश्तुत अध्ययन निम्नलिखित उदेश्यहरुमा केन्द्रित रहेको छ :

- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता पहिल्याउनु,
- संस्थागत तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,
- पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरुवीच निबन्धलेखन क्षमता तुल्यायनु,
- उक्त विद्यार्थीहरुमा निबन्ध लेखन सम्वन्धी कमीकमजोरीहरु पहिचान गर्नु ,
- उक्त कमीकमजोरीहरुको निराकरण गर्ने आवस्यक सुझाव दिनु,

### १.५ पूर्वकार्यको समिक्षा

कुनै पनि अनुसन्धान कार्य गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्वन्धित पहिले नै भईसकेका खोज कार्यहरुको समीक्षा गर्नु नै पूवकार्यको समीक्षा हो । पूर्वकार्यको अध्ययन र अनुभवले वर्तमानमा गर्न लागेका अनुसन्धानलाई गतिशील बनाउन मद्दत गर्दछ । वर्तमानले भविष्यको संकेत गर्छ । वर्तमानलाई विगतले डो-याउने भएकोले आफुले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्ग हिडाउन प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सम्वन्धित पूर्वअध्ययनहरुको विषेश महत्व रहन्छ । सवै अनुसन्धानहरु पूर्व अनुसन्धानसँग सम्वन्धित नहुन सक्छन् । आफैमा पहिलो अनुसन्धेय विषय पनि हुन सक्छ । कुनै पनि अनुसन्धान आफैमा पहिलो हुदा अर्थात पूर्वअनुसन्धानहरुसँग सम्वन्धित नहुँदा पूर्वकार्यको समीक्षामा असहजता सिर्जना हुनसक्छ ।

प्रस्तुत 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकसँग सम्बन्धित पूर्वअनुसन्धान हालसम्म नभएको ठहर छ । लेखाईसँग सम्बन्धित शिर्षकमा सम्वन्धि पूर्वअनुसन्धान भएपनि त्रुटि विश्लेषण,चिह्न प्रयोग जस्ता क्षेत्रहरुमा अध्ययनलाई सीमित गरिएको छ । हालसम्म भएका अध्ययनहरुमा निबन्ध विधा शिक्षण जस्ता लेखाइ सीपहरु सँग सम्वन्धित पक्षका बारेमा सम्वोधन गरिएको छैन । त्यसैले अनुसन्धानका लागि प्रश्तुत ' कक्षा ८मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन' नै शीर्षक उपर्युक्त र सान्दर्भिक ठानिएको छ । यस शीर्षकसँग सम्वन्धित अनुसन्धानहरु नभएपनि लेखन सीपसँग सम्वन्धित केही शोधकार्यहरु यस अनुसन्धानमा विभिन्न किसिमका जानकारीहरु उपलब्ध गराउन सहयोग हुने र त्यस्ता पाठ्यसमाग्रीहरुवाट

प्राप्त निष्कर्षलाई समेत यहाँ पूर्वकार्यको अध्ययन अनुसन्धानका रुपमा प्रश्तुत गर्नु सान्दर्भिक ठहरिएको छ । त्यसैले यस शोधकार्यसँग सम्वन्धित विभिन्न विद्धानहरुद्धारा तयार पारिएका पाठ्यसमाग्री र शोधकार्यहरुलाई यहाँ उल्लेख गरिएको छ ।

- अधिकारी हेमाङ्गराजद्धारा लिखित " नेपाली भाषा शिक्षण" (ते.सं २०५०) नामक पुस्तकमा भाषाशिक्षणसम्बन्धी विभिन्न पक्षहरुको चर्चा गर्ने क्रममा लेखाई शिक्षण अध्ययन पनि समावेश गरिएको छ । यसमा लेखाइ शिक्षणसम्बन्धी क्रियाकलापहरु लेखाइको शुद्धीकरण, अभ्यासिक तथा निर्देशित लेखन, स्वतन्त्र तथा सिर्जनात्मक लेखन आदिका बारेमा चर्चा गरिएको छ ।
- केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको सहलेखनमा तयार पारिएको नेपाली भाषा र साहित्य शिक्षण (२०६०) नामक पुस्तक नेपाली भाषाका साथै साहित्य शिक्षण गर्नका लागि अति नै उपयोगी भएको छ । त्यसमा पनि भाषिक कलाका विभिन्न रुपहरुको बारेमा चर्चा गरिएको छ । यस कितावमा लेखाईसिपसँग सम्वन्धित कार्यकलापहरुमा यान्त्रिक,निर्देशित,स्वतन्त्र तथा सिर्जनात्मक निबन्ध अभिव्यक्ति क्षामतासम्बन्धी अध्ययनहरु भएको पाइन्छ ।यसमा निबन्ध शिक्षण शीर्षकभित्र निबन्ध शिक्षणको प्रयोजन,प्रक्रिया,शिक्षण क्रम आदिजस्ता उपशिर्षकहरुमा निबन्ध विधालाई समेटेको पाईन्छ । निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखनकलाको समुचित विकाश गर्नु हो भन्दै यसको शिक्षणक्रममा प्रचलित विधिहरु प्रवचन विधि,छलफल विधि,पठनवोध विधि,प्रश्नोत्तर विधि, सूत्र विधि,स्वाध्यायन विधि,समिक्षा विधि तथा प्रश्तुतीकरणजस्ता विधिको चर्चा गरिएको छ । यसका साथै प्रश्तावना वाचन,कठिनाइ,निवारण,व्याख्याको अनुक्रमा शिक्षणीय क्रमलाई अबलम्वन गर्न सकिन्छ ।
- रामचन्द्र लम्साल र अन्य चारजना विद्धानहरुको सहलेखनमा तयार पारिएको "प्रारम्भीक नेपाली शिक्षण" (प्र.सं २०६३) नामक पुस्तकमा लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापहरुको चर्चा गरिएको पाइन्छ ।
- हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार पारिएको "प्रारम्भिक नेपाली शिक्षण"(चौ.सं २०६४) नामक पुस्तकमा पनि लेखाई शिक्षण अर्न्तगत लेखाई शिक्षणको आवस्यकता प्रारम्भिक तहमा लेखाई शिक्षणका कार्यकलापहरु निर्देशित,

स्वतन्त्र र सिर्जनात्मक लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षकहरुमा चर्चा गरिएको छ ।

त्यस्तैगरी पाठ्यपुस्तकका अतिरिक्त लिखित अभिव्यक्तिका विषयमा अध्ययन अनुसन्धानहरु पनि भएका छन् ती निम्ननुसार रहेका छन् :

- द्वारीकाप्रसाद भण्डारीको कक्षा ४ पूरा गरेका विद्यार्थीहरुको निबन्धलेखन अभिव्यक्ति क्षामताको अध्ययन (२०६३) नामक शोधपत्रमा लेखनसम्वन्धि अध्ययन गरिएको छ । यसमा ग्रामीण र शहरी विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन अभिव्यक्ति क्षामताकाबीच तुलना गरी ग्रामीण विद्यालयका विद्यार्थीहरुको भन्दा सहरी क्षेत्रका विद्यार्थीहरुको निबन्धलेखन क्षमता १० प्रतिशतले बढी भएको कुरा उल्लेख गरिएको छ ।
- त्यसैगरी दिपकबाबु निरौलाद्धारा तयार पारिएको "कक्षा ९ पुरा गरेको विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अध्ययन" (२०६४) शीर्षकको शोधपत्रमा पनि लेखनकलासम्वन्धि अध्ययन गरिएको छ । यसमा सरकारी र निजी विद्यालय समुहका विद्यार्थीहरुको निबन्ध लेख क्षमताको तुलना गर्दा निजी विद्यालय समूह भन्दा सरकारी विद्यालय समूहका विद्यार्थीहरुको निबन्धलेखन क्षमता उच्च रहेको कुरा उल्लेख गरिएको छ । त्यसैगरी समान विद्यार्थी संख्याका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरुको निबन्धलेखन क्षमताको तुलना गर्दा नेपाली विमातृभाषी विद्यार्थीहरु भन्दा नेपाली मातृभाषी समूहका विद्यार्थीहरु बढी सक्षम रहेको कुरा उल्लेख गरिएको छ ।
- रणबहादुर दौल्यालको "कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको निवन्धलेखन क्षमताको अध्ययन"(२०६४) नामक शोधपत्रमा विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अध्ययन गरी सरकारी विद्यालयका विद्यार्थीको लेखन क्षमता निजि विद्यालयको भन्दा कमजोर रहेको निश्कर्ष निकालिएको छ ।
- बुलबुला त्रिताल (२०६६) को लेखन सीप अर्न्तगतको महत्वपूर्ण तथा निबन्ध लेखनमा पनि विशेष महत्व दिने "कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन" नामक शोधपत्रमा पनि लेखन अभिव्यक्ति क्षमताको अध्ययन गरिएको छ । यसमा पनि भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दास्रो भाषा नेपाली हुने विद्यार्थीहरुको बीच तुलना गर्दा दोस्रो भाषी नेपाली

विद्यार्थीहरु मातृभाषीका तुलनामा अनुच्छेद लेखनमा केही कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

यसरी विभिन्न पाठ्यपुस्तकका अतिरिक्त अन्य शोधपत्रहरुलाई समेत हेर्दा विभिन्न लेखक तथा शोधार्थीहरुले नेपाली भाषा शिक्षणअर्न्तगत लेखाई सीपको विकासको बारेमा सङ्केतात्मक र सूचनात्मक रुपमा अध्ययन अनुसन्धान गरेपनि विस्तृत र गहन अध्ययन भने गरेको पाइँदैन । अन्य विविध क्षेत्रमा अध्ययन अनुसन्धान भएपनि निबन्ध लेखन तथा प्रश्तुत कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकमा गर्न लागिएको अध्ययन सार्न्दभिक हुनेछ । यस अध्ययनमा विद्यार्थीहरुमा निबन्ध लेखनका माध्यमवाट स्वतन्त्र तथा सिर्जनात्मक लेखनसम्वन्धी क्षमताको पहिचान गरी उक्त कार्यकलाप गराउँदा विद्यार्थीहरुले गर्ने कमीकमजोरीहरुको समेत पहिचान गरिएको छ र त्यसको सुधारका लागि आवश्यक सुझावहरु प्रश्तुत गरिएको छ । जसले गर्दा यो शोधकार्य अन्यन्तै उपयोगी हुनेछ ।

यसरी विभिन्न पाठ्यपुस्तकका अतिरिक्त अन्य शोधपत्रहरुलाई समेत हेर्दा विभिन्न लेखक तथा शोधार्थीले नेपाली भाषा शिक्षण अर्न्तगत लेखाइ सीपको विकासको बारेमा सङ्केतात्मक र सूचतात्मक रुपमा अध्ययन अनुसन्धान गरेपनि विस्तृत र गहन अध्ययन भने गरेको पाइँदैन । अन्य विविध क्षेत्रमा अध्ययन अनुसन्धान भएपनि निबन्ध लेखन तथा प्रस्तुत कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकमा गर्न लागिएको अध्ययन सान्दर्भिक हुनेछ । यस अध्ययनमा विद्यार्थीहरुमा निबन्ध लेखनका माध्यमवाट स्वतन्त्र तथा सिर्जनात्मक लेखनसम्वन्धी क्षमताको पहिचान गरिएको छ र त्यसको सुधारका लागि आवस्यक सुझावहरु प्रस्तुत गरिएको छ । जसले गर्दा यो शोधकार्य अत्यन्तै उपयोगी हुनेछ ।

पूर्वकार्यको समीक्षा गर्दा यहाँ उल्लेखित प्राप्त सामाग्रीहरुमा सीमित रही समीक्षा गर्ने प्रयत्न भएको छ । उपर्युक्त पूर्वकार्यको समीक्षाबाट हालसम्म लेखाई शिक्षणसम्वन्धी कार्यकलापहरु,लेखाईको शुद्धीकरण,अभ्यासिक तथा निर्देशित लेखन,स्वतन्त्र लेखन,सिर्जनात्मक लेखनको मात्र अध्ययन भएको देखिन्छ । पूर्व शोधमा उल्लेखित शीर्षकअर्न्तगतका समस्याहरुको समाधानतर्फ कुनै ठोस अनुसन्धान भएको पाईदैन । यसर्थ पूर्वकार्यले समेटन नसकेको र यस शोधप्रस्तावमा उल्लेखित समस्याहरुको समाधानार्थ उपर्युक्त शोधशीर्षक चयन गरिएको छ । प्रस्तुत शोधकार्य पनि त्यसैमा

सीमित रहेको छ । यद्यपि शोधकार्यको सिलसिलामा प्राप्त केही आवस्यक सूचनाहरु समेत समावेश गरिएको छ ।

## १.६ अनुसन्धानको औचित्य

कुनै पनि विषयवस्तुको आफ्नै महत्व तथा औचित्य हुन्छ । त्यसमा पनि लखाई सीपको विकासका लागि प्रमुख क्रियाकलाप रुपमा रहेको निबन्ध लेखन प्रक्रियाको आफ्नै महत्व रहेको छ । कुनै पनि आवस्यक तथा समसामयिक विषयमा केन्द्रित रहेर लिखित माध्यमद्धारा आफ्ना अनुभव तथा ज्ञानलाई अभिव्यक्त गर्न निबन्ध लेखन कार्यकलापले सहयोग गर्दछ । निबन्ध लेखन आफैमा गहन विद्या हो । स्वतन्त्र लेखनका रुपमा विभिन्न तहका पाठ्यक्रहरुले यसलाई सम्वोधन गरेका छन् । यसरी निबन्धलेखन सम्बन्धी कुनै किसिमको अध्ययन अनुसन्धान नभएको अवस्थामा प्रश्तुत अध्ययन-अनुसन्धानको औचित्य स्वतःऔचित्यपूर्ण रहेको छ । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुले लेखन क्षामता पहिचान गरी आवस्यक परामर्श दिने प्रसङ्गले प्रश्तुत अध्ययनलाई परिभाषित गरिएको छ । प्रश्तुत अध्ययन अनुसन्धानले भाषिक सीप विकासमा तथा भाषा शिक्षणका क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने आशा लिईएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र,परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पुर्ण पक्षलाई समेटन कठिनाई हुने हुदाँ व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नु पर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अध्ययन -अनुसन्धानको मार्ग विचलित हुन पुग्दछ । त्यसैले समग्र सर्लाही जिल्लाका सम्पुर्ण विद्यालयका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुवाट सामाग्री संकलन गर्न गा-हो,असम्भव र व्यवहारिक हुने भएकोले श्री जानकी माध्यमिक विद्यालय,लालवन्दी सर्लाही, श्री जनज्योति उ.मा.वि.लालवन्दी सर्लाही, रकवेल अंग्रेजी माध्यमिक विद्यालय,लालवन्दी सर्लाही र अक्फोर्ड अंग्रेजी मा.वि. लालवन्दी, सर्लाही का विद्यालयहरुवाट कक्षा ८ मा अध्ययनरत प्रति विद्यालयमा २५/२५ जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीहरुमा मात्र केन्द्रित रहेको छ ।

अध्ययनको निष्कर्ष निर्धारण नमुना जनसंख्यावाट प्राप्त तथ्यका आधारमा गरिएको साङ्ख्यिकीय तथ्याङ्क विष्लेषणमा मात्र सीमित गरिएको छ ।

## १.८ अध्ययनको विधि

अनुसन्धान कार्यलाई व्यवस्थित र विश्वासनीय बनाउनका लागि अनुसन्धेय विषयसँग सम्वन्धित विधिले महत्वपूर्ण भूमिका खेल्दछ । प्रश्तुत अध्ययन अनुसन्धान मुलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहने छ । जसका लागि निम्न प्रक्रिया अवलम्वन गरिएको छ ।

### १.८.१ जनसंख्या र प्रतिनिधि

प्रश्तुत अध्ययनका लागि समग्र सर्लाही जिल्लाको प्रतिनिधित्व हुनेगरी सरकारी र निजी क्षेत्रवाट सञ्चालित २/२ विद्यालयवाट २५/२५ जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीलाई प्रतिनिधि जनसँख्याको रुपमा लिईएको छ ।

### १.८.२ सामाग्री निर्माण

प्रश्तुत अध्ययनका क्रममा सामग्री निर्माण गर्दा अध्ययनको उदेश्य परिपूर्ति हुने गरी प्राथामिक स्रोतर द्धितिय स्रोतका समाग्री निर्माण गरी अनुसन्धान गरिएको छ । प्राथमिक स्रोतका सामग्री निमार्ण गर्ने क्रममा विद्यार्थीको स्तर अनुकुल हुनेगरी निबन्धको शीर्षक दिई निबन्ध लेख्न लगाई उत्तरपुस्तिका संकलन गरिएको छ । त्यस्तै द्धितिय स्रोतको रुपमा पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकहरु र अघिल्ला वर्षहरुका शोधपत्रहरुको खोजी गरी व्यापक अध्ययन प्रयास भएको छ ।

### १.८.३ पूर्व परीक्षण

निबन्धलेखन सम्वन्धी विद्यार्थीहरुको स्तर सुहाउँदा समसामयिक शीर्षकहरुमध्ये २ वटा शीर्षकहरु 'शिक्षाको महत्व' र 'वनजंगलको महत्व' छनौट गरी ५ जना विद्यार्थीलाई निबन्ध लेख्न लगाएर पूर्वपरिक्षण गरिनेछ । तत्श्चात् पूर्व परिक्षण गरिएका उत्तरपुस्तिकालाई विभिन्न आधारमा जाँची प्राप्त नतिजाका सम्वन्धमा जुन विषयमा राम्रो खेख्छन त्यही विषयमात्र निबन्ध लेख्न लगाईएको छ ।

### १.८.४ सामाग्रीको विश्लेषण

उपर्युक्त सामाग्रीको बिश्लेषणको आधारमा निम्ति विद्यार्थीको कक्षाको स्तर अनुसार तथ्याङ्कको आधारमा विद्यार्थीहरुको निबन्धलेखन क्षमताको पहिचान र बिश्लेषण गरिएको छ ।

## १.९ शोधको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नअनुसार रहेको छ :

| | |
|---|---|
| अध्यय एक | शोधको परिचय |
| अध्यय दुई | अध्ययनको सैद्धान्तिक आधार/रुपरेखा |
| अध्यय तीन | अनुसन्धान विधि |
| अध्यय चार | निबन्धलेखन क्षमताको व्याख्या र विश्लेषण |
| अध्यय पाँच | तुलनात्मक विष्लेषण |
| अध्यय छ | निश्कर्ष र सुझाव |

सन्दर्भग्रन्थसुची

परिशिष्ट

# परिच्छेद-दुई

# सैद्धान्तिक परिचय

## २.१ निबन्धको सैद्धान्तिक परिचय

### २.१.१ पृष्ठभूमि

भाषा विचार विनिमयको प्रमुख साधन हो । मानव विकासको सुरुवातसँगै भाषाको पनि विकाश भएको देखिन्छ । सुरुमा औच्चार्य वा कथ्य भाषाका रुपमा रहेको भाषा नै पछि आएर लिपिवद्ध हुन थालेको हो । समाज विकाशसँगै भाषाको पनि विकास क्रमिक रुपमा हुँदै आएर भाषाले स्तरीएता प्राप्त गर्न थाल्यो । भाषाले साहित्यिक स्वरुप ग्रहण गर्न थालेपछि यसका प्रमुख दुई भेद देखिन थाले । छन्दशास्त्रीय नियमअनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक रुपलाई पद्य र छन्दमुक्त साहित्यिक भाषिक स्वरुपलाई गद्य भन्न थालियो । लेख्य भाषाका यी प्रमुख भेदमध्य निबन्ध गद्य भाषामा लेखिने आस्वादनका दृष्टिले साहित्यको श्रव्य भेदअर्न्तगत पर्ने आधुनिक साहित्यको जल्दो बल्दो साहित्यिक बिद्या हो । साहित्यका प्रमुख चार विधाहरुमध्ये निबन्ध कनिष्ठ विद्या हो । साहित्यलाई पाठ्य श्रव्य र अभिनय दृश्य गरी दुई भागमा वर्गीकरण  गरी हेर्दा निबन्ध पाठ्य श्रव्य र अभिनय दृश्य गरी दुई भागमा वर्गीकरण गरी हेर्दा निबन्ध पाठ्य श्रव्य भदअर्न्दगत पर्दछ । त्यसैलाई आधारमानेर हेर्दा निबन्ध आख्यानेतर विद्याअन्तरगत पर्दछ भने भाषा र लयलाई आधारमानेर हेर्दा यो गद्य विद्या अर्न्तगत पर्दछ । यो विद्या सरल र जटिल अभिव्यक्तिको दोधाँसमा हिंड्ने आत्मा र वस्तु दुवै पक्षमा केन्द्रित या कुनै एउटै पक्षमा सीमित रहेर आफ्ना मनका भावहरु व्यक्त गर्ने छोटो र रमाइलो गद्य विधा हो । गद्यको अभिव्यक्ति क्षमता सवल र प्रौढ हुँदै गएपनि सृजित बस्तुको प्रकाशन,प्रसारण वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध कनिष्ठतम विधा हो ( सुवेदी २०५६:१) ।

मानिस एउटा चेतनशील र विवेकशील प्राणी भएकै कारण उसँग थुप्रै ज्ञानका भण्डार रहेको हुन्छ । सम्पुर्ण जीवन भोगाइका तीता मीठा अनुभवहरु मानिसले भोगिरहेका हुन्छन् । यस्तै अगाध ज्ञानराशीबाट एक पक्षको सानो विन्दुलाई लिएर निबन्ध लेखनको थालनी हुन्छ । त्यसको पनि भेउ नदिएर सानो लेखाजोखा वा दिग्दर्शन मात्र निबन्धले गर्न सक्छ । त्यसो नगरी सर्वाङ्ग चर्चा गर्ने प्रयास भएमा त्यो निबन्धको पहुँचभन्दा टाढा जान्छ अनि त्यसको एक ग्रन्थ वा शोध प्रवन्धको रुप लिन पनि सक्छ । यसरी सीमित घेराभित्र

रहेर असीमित विचार चियाउने लगभग आधा धण्टाको एक बसाईमा पढिसकिने गद्यमय अभिव्यक्तिले निबन्धको नाउँ लिन पुग्छ ।

मानिसका मनमा कयौ कुराहरु व्यक्त/अव्यक्त भएर रहेका हुन्छन् । सबैवाट यस्ता सोचाई बाहिर निस्कन सक्दैनन् । मानवको नाताले अनुभूतिको स्तर समानधर्मी जस्तै देखिए पनि अध्ययन र साधानाको घटबडले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ । किनभने निबन्ध लेखन पनि एउटा कला हो । साधना र अभ्यासले कलामा चमकता र प्रभावकारीता ल्याउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता ल्याउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आउँछ त्यति नै बढी निबन्ध पनि प्रौढ बन्न पुग्छ । हुनत समुद्रमा जत्रो भाँडो डुवायो त्यति नै मात्र पानी आउन सक्छ  त्यसैगरी भाषिक सीप र प्रश्तुतीसामार्ध्यले पनि निबन्धमा त्यस्तै काम गरेको हुन्छ । अनुभुति जतिसुकै तीब्र भएपनि अभ्यास नभएमा त्यसको विकसित रुप लिन सक्दैन । त्यसैले निरन्तर अभ्यास र साधनाविना निबन्ध लेखन क्षामतामा पूर्णता आउन सक्दैन ।

निबन्ध अन्य विधाहरुका माझ पनि आफ्नो छुट्टै अस्तित्व कायम गर्न सफल छ । प्रख्यात कवि,सिद्धहस्त नाटककारहरु पनि निबन्ध विधालाई छुन्छन् र त्यसमा आफ्नोपन समेत भरिदिन्छन् । यसरी काव्यकारीता, नाटकीयता,कथा र कविताको धेरथोर प्रभाव पनि निबन्धले ग्रहण गरेको हुन्छ । नभन्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा कविताको गन्ध आउँछ भने बालकृष्ण समका निवन्धहरुमा नाटकीयताको सुगन्ध पाउन सकिन्छ । यसरी कथा,कविता,नाटक र उपन्यासका वरीपरी र छेउछाउ घुमेपनि निबन्ध आखिर निबन्ध नै हो । निबन्धले आकार,प्रश्तुति र प्रबन्धबाट आफ्नोपन स्पस्ट गरेको हुन्छ । निबन्धले आफ्नो क्षेत्रभित्र हास्यव्यङ्ग्यलाई पनि समावेश गराइएको छ । हास्यव्यङ्ग्यको समावेस अन्य विधाहरुमा पनि गरिन्छ तर हास्यव्याङ्ग्यको मूल क्रिडा क्षेत्र निबन्ध नै हो । यसरी निबन्ध विधाले छुट्टै पहिचान कायम गरेको छ । छोटकरीमा निबन्ध विधालाई निम्ननुसार चिन्न सकिन्छ :

- छोटो छरितो गद्य विधा,
- म्नका कुरा पोख्ने माध्यम,
- अणुदेखि ब्रम्हाण्डसम्मका जुनसुकै विषय हुन सक्ने,
- निबन्ध आख्यानेतर गद्य विधा,
- अन्य विधाहरुको गन्ध आउने,

- लघु आयामको गद्य विधा,
- भावनात्मक कुराहरु व्यक्त गर्ने माध्यम,
- कुनै पनि विषयमा केन्द्रित रहेर गरिने वर्णन,
- निरन्तर अभ्यास र साधानाबाट लेखनकलाको विकास हुने,
- निबन्धमा मनोगत,भावविचारको वा वस्तुगत सत्यतथ्यको प्रस्तुति रहने,
- प्रस्तुतिगत चमकता पाइने विद्या,
- आदि,मध्य र अन्त्यको संगठन

वस्तुतः वास्तविक र काल्पनिक विषयवस्तुमा केन्द्रित,छोटो,छरितो,खँदिलो,सुगठित र आलङ्कारिक भाषाशैलीयुक्त छोटा-छरिता अनुच्छेदहरुमा विभक्त हार्दिक अनुभूतिको अनुकरणात्मक पोखाई भएको ललित गद्यवन्धनमा संरक्षित, साहित्यिक रचना नै निबन्ध हो ।

### २.१.२ निबन्धको परिचय

निवन्ध आफैमा स्वतन्त्र साहित्यिक विद्या हो । अख्यानेतर गद्य विधा हुनु तथा पाठ्य श्रव्य हुनु यसका विषेशता हुन् । अणुगत ब्रह्माण्डसम्म जुनसुकै विषयमा लेख्न सकिने निबन्धमा विषयगत व्यापकता त रहन्छ नै साथसाथै सङ्क्षिप्तता, विश्वसनीयता प्रतिको सचेतता, एकालापीयता जस्ता विशेषताहरू पनि रहन्छन् । वर्तमानमा लोकप्रिय विधाका रूपमा स्थापित भएसकेको निबन्धलाई विभिन्न विद्वानहरूले चिनाउने प्रयास गरेका छन् ।

निबन्धको जन्म ईस्वीको सोह्रौं शताब्दीको उतदार्द्ध इ. १५८० मा फ्रान्स र बेलायतमा भएको हो । यसको श्रेय फ्रान्सका मोन्तेन र बेलायतका बेकनलाई छ । यस्तै गरी निबन्धलाई चिनाउने क्रममा विभिन्न विद्धानहरूले दिएका परिभाषाहरूलाई तल प्रस्तुत गरिएको छ ।

(क)मोन्तेनका अनुसार “ छरिएर रहेका विचार/चिन्तनलाई सूत्रबद्ध गर्ने विशिष्ट विधा निबन्ध हो, जसमा वैयक्तिक भाव आडम्वर शून्य भाषा र अनौपचारिक अभिव्यक्तियुक्त आत्माको प्रकाशन गर्ने विश्रृङखलित चिन्तन रहेको हुन्छ, भनेका छन् ” ।

(ख) बेकनलेका अनुसार “ विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो । केही संक्षिप्त टिप्पणी भएका जहाँ जिज्ञासा भावात्मकताको स्थानमा अभिप्राय वा विचाराच्मकताको मात्रा अधिक रहन्छ, तिनीहरू निबन्ध हुन् । ”

(ग) हड्सनले अफ्नो पुस्तक **'साहित्यको परिचयात्मक अध्ययन'** मा भनेको छन् : " मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मूख्य विशेषाता हो :- अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनाको अभाव ।"

(घ) डा. जोन्सनका विचारमा " अव्यवस्थित एवम् विश्रृङ्खलित विचार अपरिपक्व भावना तथा अपरिपक्व एवम् अनियमित क्रम भएको लेख नै निबन्ध हो । "

(ङ) जोहन मरेका विचारमाः- " निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको तथा आरम्भमा अपूर्ण मानिने र डा. जोन्सनद्वारा एउटा अनियमित र अपरिपक्व रचना मानिएको तथापि वर्तमान युगमा भने सीमित व्याप्ति भएको र सुगठित शैली भएको रचना हो । "

(च) डा. नगेन्द्रका विचारमा :- " निवन्ध त्यस कलात्मक गद्य लेखलाई भनिन्छ जहाँ वैयक्तिक दृष्टिकोण तथा आत्मिक ढङ्गले विषयको प्रवाहपूर्ण वर्णन हुन्छ र जुन आफ्नो सङ्क्षिप्त आकारमा स्वतः पूर्ण हुन्छ ।"

(छ) हड्सनले आफ्नो पुस्तक **'एन एन्ट्रोडक्सन टु द स्टडी अफ लिट्रेचर'** मा भनेका छन् :- " मोटामोटी रूपमा कुनैपनि विषयमा लेखिएको रचनालई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनाको अभाव हुनु भनेका छन् । "

(ज) लक्ष्मीप्रसाद देवकोटाका अनुसार - " निबन्ध रौचिरा दर्शन होइन, न हो पण्डित्य प्रदर्शनको ठ्यासफू ।' यो एक किसिमको मनको जालीले जगतमा लहडी माछा मार्ने कला हो । यो टेविल गफ हो, चस्मादार अध्यापकको ब्याख्यान होइन, न त बमन बेदान्त । यसमा ठर्रोपन हुदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ । "

(झ)डा. ईश्वर बरालका विचारमा - " निबन्ध भनेको एक किसिमको कुरा गराइ हो । लेखकका मनमा भावनाहरूलाई स्वागत कथनका रूपमा उद्गारित गराउने विधाविशेष हो । " (ञ) भैरव अर्यालका विचारमा - "कुनै विषयमा आफुले भनेको सोचेको र मनमा लागेको कुरा रसिलो पाराले प्रकट गर्ने गद्य नै निबन्ध हो ।"

(ट) हृदयचन्दसिंह प्रधानका विचारमा- "निबन्धमा लेखकले कलमको पछाडीपट्टि दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नु पर्छ पर्छ । परिमार्जित र परिपक्व विचार एवम् दृष्टिकोणलाई व्याङ्ग्य, हास्य, ठटेउलोपन र मामुली तवरबाट पोख्दै जानु पर्छ ।"


(ठ) रामलाल अधिकारीका अनुसार :- “निबन्ध त्यो काव्य विद्या हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतय प्रकाशमान हुन्छ, यसका लेखकले उपदेष्टा नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रिंत हुनु पर्छ । ”

जेहन मरे (१८३७-१९९५) ले डा. जोहन्सनको शब्दकोशलाई पुनः सम्पादन गरी ‘कुनै एक निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना निबन्ध हो ’ भनेका छन्. ।

समग्रमा माथि उल्लेखित परिभाषाहरूलाई मध्यनजर गर्दा निबन्धलाई एउटै परिभाषामा तथा बयानमा बाँध्न सकेको पाँइदैन । विभिन्न विद्वानहरूका विचारमा निबन्धलाई फरक - फरफ दृष्टिकोणले हेरेको पाइएतापनि केही समान तत्त्वहरूको आवश्यकता उल्लेख गरिएको छ । समग्रमा भन्नुपर्दा वास्तवमा निबन्ध भनेको कुनै विषयवस्तु भाव वा विचारलाई व्यक्ति आत्मा र वस्तुको रङमा घोलेर प्रस्तुत गरिने तथा विचारको सशब्तता र कल्पनाको तीव्रता भएको लघु कलेवरमा संरचित साहित्यको अनाख्येय गद्यात्मक विधालाई निबन्ध भनिन्छ ।

**२.१.४. निबन्धको वर्गीकरण**

सोह्रौ शताब्दीको अन्त्यतिरबाट मोन्तेनद्वारा प्ररम्भ भएको मानिने यस विद्याले समयको गतिसँगै आफ्नो प्रकृति, स्वरुप र सङगठनमा पनि परिवर्तन गर्दै लगेको छ । मोन्तेनले निबन्धको स्वरुपलाई आत्परक रुपमा प्रस्तुत गरेका हुन् भने उनीपछि लगतै देखापर्ने वेकनले वस्तुपरक निबन्धको प्रवर्तन गरेपछि यसैको सङ्धारमा आत्मपरक र वस्तसपरक गरी निबन्ध दुई वर्गमा विभाजित हुन पुेको देखिन्छ । यस प्रकारको वर्गीकरणमा निवन्ध विधाको प्रवर्तन भई हालसम्म सर्वस्वीकार्य हुँदै आएको देखिन्छ । यही वर्गीकरणको जगमा टेकेर निवन्धलाई यहाँ सङ्क्षेपमा निम्नानुसार वर्गीकरण गरिएको छ :



यसरी निबन्धको यस प्रकारको वर्गीकरणमा स्रष्टाको आन्तरिक व्यक्तित्व प्रकटीकरण भएका निबन्धहरूलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्भ पनि भनिन्छ । कुनै विषयका बारेमा तथ्यपूर्ण एवम् प्रामाणिक जानकारी प्रस्तुत जगरी लेखकले त्यसका बारेमा निजी दृष्टिकोणलाई व्याक्त गर्छु भनी आत्मपरक निबन्धमा भनएिको छ भने आत्मपरक निबन्धको विपरित स्रष्टाको आन्तरिक व्यक्तित्व लुप्त बनी विषयको वर्णन-विवरण एवम् विश्लेषण गरिएका निबन्धलाई परात्मक निबन्ध भनिएको छ । यस्ता निबन्धमा पाठकलाई वस्तु विषयका बारेमा बढीभन्दा बढी जानकारी दिने उद्देश्य राखिएको हुन्छ । वस्तपरक निबन्धअर्न्तगत साहित्यिक, अल्पसाहित्यि, वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक निबन्ध पर्दछन् । आत्मपरक निबन्धअर्न्तगत बैयक्तिक, भावात्मक र विचारात्मक निबन्धहरू पर्दछन् । उपयुक्र वर्गीकरणबाहेक पनि विषयवस्तु, प्रवृति, स्वरुप आादि बिभिन्न आधारमा निबन्धलाई वर्गीकरण गरिएको देखिन्छ ।

## २.२ भाषिक सीप र निबन्ध विधा

### २.२.१ भाषपाठ्यक्रम, भाषपठ्यपुस्तक र लेखाइ सीप

#### २.२.१.१ भाषपाठ्यक्रम

भषा विचार विनिमयको माध्यम हो । भाषा भाव वा विचारको संवाहक हो । सम्पूर्ण ज्ञान-विज्ञान र सूचना सञ्चारका क्रियाकलापहरू भाषाबाटै समाजमा आदान-प्रदान हुन्छन् । मानिसका हृदयमा सिर्जना हुने भावको अभिव्यक्ति भावना र विचारका रुपमा प्रंकटन र सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम नै भाषा हो । व्यक्ति, समुदाय वा समाजको समाजिक सम्पर्कको शक्तिशाली संयन्त्रका रूपमा रहेको भाष मानवीय उपलब्धिहरूको मेरुदण्ड हो । मानवजीवन एवम् समाजका हरेक क्रियाकलापमा भाषको अपरिहार्यता रहेको छ । भाषिक सहयोगका माध्यमबाट मानिसले आफ्ना जीवनका सम्पूर्ण कामहरू पूरा गर्दछन् । भाषविना समाजमा कुनै पनि काम सम्पन्न हुन सक्दैन । त्यसैले भाषा आर्जन प्रक्रिया साँघुरिन सक्दैन र यो व्यापक बनेर फिजिन्छ । हरेक मान्छेलाई हिड्नका निम्ति बाटो बस्नका निम्ति घर र पढन्नका निम्ति पुस्तमहरू आवश्यक भएजस्तै भाषसिकाइका निम्ति पनि एउटा निश्चित कार्यक्रमको आवश्यकता पर्दछ । भाषिक सीपआर्जनका निम्ति लक्षित उद्देश्य प्राप्त गर्न गरिने सम्पूर्ण प्रयास नै भाषापाठ्यक्रम हो भन्न सकिन्छ । भाषालाई सीपका रूपमा लिइएको छ । यो अभ्यास तथा प्रयोगमा आधारित हुन्छ । स्तर एवम् तहगत रूपमा

सिकाइले गर्नुपर्ने भाषिक सीपआर्जनका निम्ति गरिने क्रियाकलापलाई भाषापाठ्यक्रमभित्र राखिन्छ । भाषाशिक्षणको लक्ष्य हासिल गर्न भाषापाठ्यक्रमले ठूलो भूमिका खेलेको हुन्छ । भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा कलासँग सम्वन्धित भाषिक सीप बोध र अधिव्यक्ति भाषपाठ्यक्रम अर्न्तगत पर्दछन् । वास्वतमा भाषपाठ्यक्रम भन्नाले भाषिक उद्देश्य, भाष्कि विषयबस्तु, भाषिक प्रक्रिया, भाीषक स्रोत र भाीषक मूल्याङ्कनका साधन आदि भन्ने बुझिन्छ, जसलाई विद्यालय भित्र तथा बाहिर कक्षाशिक्षण वा सम्वन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनावद्ध प्रयास गरिएको हुन्छ (शर्मा र पौडेल २०६० : २६९)

### २.२.१.२ भाषपाठ्यपुस्तक

पाठ्यपुस्तक शैक्षिक क्रियाकलापलाई अघि बढाउने प्रमुख आधार हो । पाठ्यपुस्तकको अभावमा सम्पूर्ण शिक्षण सिकाई क्रियाकलाप अपूरो हुन सक्छ । कुनै पनि पाठ्यपुस्तक सम्वन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरुप तयार गरिएका हुन्छन् । पाठ्यपुस्तक सिक्ने र सिकाउने दुवै व्यक्तिका लागि अपरिहार्य र आधिकारिक सामग्री मानिन्छ । नेपाल जस्तो देशमा विद्यालयमा हुन सम्पूर्ण क्रियाकलाप पाठ्यपुस्तकमा नै केन्द्रित हुन्छन् । पाठ्यापुस्तकमा पाठ्यक्रमका अपेक्षा अनुरूपका पाठ्यांशहरूलाई विद्यार्थीको स्तर अनुभव र सिकाइ आवश्यकताहरूको ख्याल गरेर संगठित गरिएको हुन्छ ।

अन्य पाठ्पुस्तकझैं भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूप तयार पारिएको हुन्छ । भाषा पाठ्यपुस्तकलाई पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक क्रियाकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्ने महत्वपूर्ण एवम् प्रभावकारी सामग्रीका रूपमा लिइन्छ । भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको समग्र पक्षहरूलाई मध्यनजर गरेर सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक मूलतः भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा केन्द्रित रहन्छ । भाषा पाठ्यपुस्तकमा विषयवस्तुलाई भाषा सिक्ने माध्यमका रूपमा मात्र ग्रहण गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकलाई भाषा शिक्षण सिकाइको एक भरपर्दो र व्यवस्थित पाठ्य सामग्रीका रूपमा लिन सकिन्छ ।

### २.२.१.३. लेखाइ सीप

लेखाइ अभिव्यक्तिको प्रौढ र परिपक्व रूप हो । यो मौन रूपमा रहेका वा मनका कुरा व्यक्त गर्ने एउटा महत्वपूर्ण माध्यम पनि हो । मानव मनमा सुसुप्त रूपमा गुम्सिएर रहेका कुण्ठाहरू, सुखःदुखका अविस्मरणी क्षणहरू एवम् त्यस्तै कुनै उल्लेख्य घटनालाई व्यक्तिले लेखेर व्यक्त गर्ने महत्वपूर्ण सीप नै लेखाइ हो । कतिपय कुराहरू बोलेर पनि व्यक्त गर्न सकिन्छ तर ती कुलालाई चिरस्थायी नहुने हुनाले लेखाइको तुलनामा बोलाइको प्रभाव न्यून हुन्छ । भाषाका दुई रूप हुन्छन् : मौलिक र लिखित । बालेर विचार विनिमय गर्न नसकिने अवस्थामा लेखाइ सीपको सहायत लिइन्छ (शर्मा र पौडेल, २०६०:१२२) । भाषका चार सीपहरूसँग भाषापठ्यपुस्तक केन्द्रित रहन्छ । भाषाद्वार व्यक्तिले विचारको आदान-प्रदान गर्छ । यस्तो आदान प्रदानमा यिनै चार सीपहरू संलग्न हुन्छन् । यी सीपहरूमध्ये लेखाइ सीप अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिको सीप हो ।

आफ्ना मन-मुटुमा रहेका भावहरूलाई सिलसिलावद्ध रूपमा लेख्यचिन्ह, वर्णविन्यास मिलाई लेख्नुलाई लेखाइ सीप भनिन्छ । आफ्नो लेखाइ क्षमताको विकास गर्न, हिज्जे प्रयोग गर्न र लेखाइमा शुद्धता ल्याउनका लागि लेखाइ अति उपयोगी हुन्छ । लेखन कलाअर्न्तगत लेखाइसीप विकास गराउन चित्रवर्णन, अनुलेखन, प्रतिवेदनलेखन, निबन्धलेखन जस्ता लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराइन्छ । भाषाका चारै सीपहरू एक आपसमा सम्वन्धित छन् । यिनीहरूको आफ्नै महत्व रहेको हुन्छ । लेखाइमार्फत आफूले आर्जेका ज्ञान तथा अनुभवहरूलाई भविष्यका लाीग सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ, पढाइ सीपहरूभन्दा लेखाइ सीपको अझ महत्व रहेको छ भन्न सकिन्छ ।

### २.२.२ लेखाइ शिक्षणको आवश्यकता र महत्व

आफ्ना मनका भावनाहरूलाई लिपिवद्ध गर्ने प्रक्रिय नै लेखाइ हो । भाषाको महत्वपूर्ण काम विचार आदान प्रदान गर्नु हो । यही विचार आदान-प्रदान गर्न भाषिक रूपको उपयोग गरिन्छ । मानव मनमा लागेका आ-आफ्ना विचार विनिमय गर्न मौखिक र लिखित दुवै भाषाको प्रयोग हुँदै आएको छ । लेखनकलाको सहयोगले कुनै पनि व्यक्तिले विभिन्न विद्वानले आफ्नो पुस्तकको माध्यमबाट अभिव्यक्त गरेका विचारहरू आफूले आत्मसात गरी वौद्धिकताको विकास गर्न सक्छ । लेखनकलाको सहयोगले जुनसुकै व्यक्तिसँग जो जतिकै टाढाँ रहेपनि निकटता कायम गर्न सकिन्छ । यस्तै समाजका विभिन्न मूल्य

मान्यताहरूलाई लेखाइको सहयोगमा सार्वजनिक गरिएको हुन्छ भने आफूले पनि त्यस समाजको मूल्य र मान्यताको जानकारी लिन सकिन्छ ।

लेखाइको माध्यमले कुनै पनि व्यक्तिले आफ्ना मनमा लागेका भावना वेदना, कल्पना अरूसमक्ष राख्न पाउने भएकाले मनोवैज्ञानिक तबरबाट उसलाई आत्मसन्तुष्टि पनि प्राप्त हुन्छ । लेखाइको हाम्रो दैनिक व्यवहारमा ठूलो महत्व छ। दैनिक व्यवहारमा देखा पर्ने विभिन्न किसिमका समस्याहरूको निराकरण गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विद्यार्थीहरूमा भाषिक तथा संज्ञानात्मक क्षमताको विकास गराउन लेखाइमा प्रभावकारिता ल्याउन पनि लेआइ शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ । आफूले पढेका कुराहरूलाई सारांशमा उतार्ने, व्याख्या गर्न, टिपोट गर्न, आफूले प्रस्तुत गरेका कुरा स्पष्ट पार्न, श्यामपाटीमा लेखिएका कुरा सार्न र आफूले जानेबुझेका कुरा उपयोग गर्न पनि लेखाइकै आवश्यकता पर्दछ । व्यावसायिक दृष्टिले आत्मनिर्भर भई बाँच्ने व्यक्तिका निम्ति पनि लेखनकालाको आफ्नै किसिमको महत्व छ । पत्रकार, लेखक वुद्धिजीवि, वकिल र साहित्यकारहरूले त लेखनकलामा दक्षता प्राप्त गर्नुपर्दछ । अन्यथा उनीहरू आफ्नो पेशाबाट वञ्चित रहनुपर्ने स्थिति हुन्छ । व्यक्ति क्षमताको अभिवृद्धि गराउने काम लेखाइले नै गर्ने भएकाले लेखाइको आवश्यकता र महत्व झन्-झन् बढदै भएको पाइन्छ ।

### २.२.३ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान

भषका चारवटा सीपहरू मध्ये लेखाइ सीप एक महत्वपूर्ण सीप हो । आफ्ना आत्मिक भावनाहरूलाई लिपिबद्ध गर्नु लेखाइ हो । आत्मिक भावनाहरूलाई ध्वनिको माध्यमबाट व्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ । तिनै आत्मिक भावनाहरूलाई लिपिको उपयोग गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो अभिमत व्यक्त गर्ने क्षमताको विकास गर्छ । लेखाइ कुनै सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत् र सर्वभौम हुन्छ । भाव-प्रकाशनको माध्यम लेखाइ सीपबाट विषयवस्तुलाई छान्ने त्यसैअनुरूप वाक्य, गठन, शब्द छनोट गर्ने क्षमताको विकास हुन्छ । लेखनकलालाई परिमार्जित र विकसित गर्दै लैजान विभिन्न विधाहरूको लेखन सहयोग प्राप्त हुन्छ । त्यसैले प्रारम्भिक तहदेखि नै लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखन क्षमता बढाउने प्रयत्न गरिन्छ ।

निबन्धलेखन लेखनकलाको महत्वपूर्ण कार्यकलाप हो । यसबाट विद्यार्थीहरूमा यान्त्रिक, निर्देशित, स्वतन्त्र र सृजनात्मक सबै किसिमका अभ्यासहरू गराउन सकिन्छ ।

बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्ध लेख्न लगाई लेखन सीप विकास गराउने प्रयत्न गरिन्छ । प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक पाठ्यक्रमका अतिरिक्त विश्वविद्यालयअन्तर्गत पनि निबन्धलेखनसम्बन्धी अभ्यसहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । यस कुराले पनि लेखनकलाको क्षमता बढाउन निबन्धलेखन उत्कृष्ट कार्यकलाप भएको भन्न सकिन्छ , निबन्ध लेखनमा वर्णविन्यास, व्याकरण, शब्दभण्डार, निह्नप्रयोग, वाक्यगठन, विषयवस्तुको आदि मध्य र अन्त्यको प्रस्तुतिकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसर्थ निबन्धलेखनले विद्यार्थीहरूको हर क्षमता र सीप विकासमा सहयोग पुऱ्याउने भएकाले निबन्धलेखनको स्थान महत्वपूर्ण छ ।

### २.२.४ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन

विद्यार्थीहरूमा लेखन क्षमता विकास गराउने विशिष्ट र महत्वपूर्ण कार्यकलाप निबन्धलेखन शिक्षण हो । निबन्धले विशेषतः लेखन सीपको विकास गराउँछ । विद्यार्थीहरूले आफूले अनुभव गरेका कुराहरूलाई श्रृङ्खलावद्ध रूपमा प्रस्तुत गराउने सीपको विकास गराउनु नै निबन्ध लेखनको प्रमुख उद्देश्य हो । यो चाहे स्वतन्त्र होस वा निर्देशित यसले विद्यार्थीहरूमा लेखन क्षमताको विकास गराउँछ । अन्य विधाका तुलनामा एक वौद्धिक अभिव्यक्तिको  रूपमा लिइने निबन्ध विधालाई साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । साहित्यिक विधाका रूपमा निबन्ध शिक्षणका मुख्य प्रयोगजनहरू यसप्रकार छन् :

(क) निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखन क्षमताको उचित विकास गर्नु,

(ख) आत्मिक भावनाहरू प्रकट गर्न, क्षमता बढाउन, शब्दभण्डारको क्षमताको अभिवृद्धि गर्न, भाषागत सामार्थ्य बढाउन र क्रमिकताको निर्वाह गर्न,

(ग) बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु,

(घ) स्वतन्त्र विचार प्रकट गर्ने क्षमताको विकास गर्नु,

(ङ) स्पष्ट र शुद्ध रूपमा आफ्नो अभिव्यक्ति दिन सक्ने गराउनु,

(च) साहित्यप्रति रुचि राख्दै लेखनकलाको विकास गर्नु,

(छ) साहित्यप्रति जागरूप हुन र त्यसको सिर्जना गर्ने सीपको विकास गराउनु,

(ज) स्पष्ट र शुद्ध भाषको प्रयोग गर्नु,

(झ) लेख्य चिन्हहरूको उचित प्रयोग गर्नु,

(ञ) प्रसङ्गअनुरूप भाषिक शब्दबलीको प्रयोग गर्नु ।

यसरी माथि उल्लिखित प्रयोजनबाहेक निबन्ध शिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सोझो सम्बन्ध राख्दछ , समग्रमा विद्यार्थीहरूमा लेखन क्षमताको विकस गराउनु नै निबन्ध शिक्षणको प्रमुख प्रयोजन हो भन्न सकिन्छ ।

### २.२.५ विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विद्याको स्थान र शिक्षण प्रक्रिया

लेखाइ सीपलाई गति प्रदान गर्ने निबन्ध विधालाई प्रबन्ध शब्दले पनि चिनाइन्छ । यसले तथ्यपरक र सूचनात्मक, जानकारीमूलक सबैखाले साहित्यिक प्रतिभाद्वारा निर्मित भावनाहरूलाई आत्मसात गरेको पाइन्छ । निबन्ध लेखन लेखाइ शिक्षणको प्रमुख कार्यकलाप भएकोले विद्यालयको प्ररम्भिक तहदेखि नै यसलाई समावेश गरिएको छ । लेखाईसीपसँ सम्बन्धित सिर्जनात्मक क्षमताको विकास गराउदै नेपाली भाषाको मानक रूपसाग परिचित गराउने प्रमुख उद्देश्य निबन्धलेखन शिक्षणको रहेको छ । विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विधाअर्न्तगत के कस्ता क्षेत्रहरूलाई समेटिएको छ तथा शिक्षण प्रक्रियालाई कसरी परिभाषित गरिएको छ भन्नेतर्फ अध्येताबाट प्रस्तुत अध्ययनमा खोजी गर्ने प्रयत्न गरिएको छ । वर्तमान विद्यालय तहका पाठ्यक्रमहरूमा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रियालाई क्रमिकरूपमा प्रस्तुत गरिएको छ ।

#### २.२.५.१. प्राथमिक शिक्षा पाठ्यक्रम, २०४८

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले प्राथमिक तह भनेर कक्षा एक देखि कक्षा पाँचसम्मलाई परिभाषित गरेको छ । यस पाठ्यक्रमले नेपाली भाषा विषयअर्न्तगत निम्न क्षेत्रहरूलाई समेटेको पाइन्छ । भाषिक सीपमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् । यसअर्न्तगत विभिन्न क्षेत्रहरू उच्चारण, बोध, श्रुति र पठन, कार्यमूलम व्याकरण, शब्दकोश, शब्दभण्डार, वाक्यका शब्दसंख्या जस्ता उद्देश्यहरूलाई पाठ्यक्रममा कक्षा पाँचको अन्तमा विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धिहरू शीर्षकमा विविध क्षेत्र तथा भाषिक सीपहरूको उपलब्धि क्षमतासँग सर्न्दर्भित गरी अङ्कित गरिएको छ । यसरी भाषिक सीपहरू सुनाई, बोलाइ, पढाइ, लेखाईअर्न्तगन निम्न पक्षहरूलाई समावेश गरिएको छ ।

- भाषिक चिन्हहरू (पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादीबोधक, उद्धरण र योजक) र हिज्जे मिलाई ठीक दुरीया सफासँग लेख्न,
- स्वतन्त्र रूपमा छोटा अनुच्छेद, चिठी, निवेदन र प्रबन्धहरू रचना गर्न,
- बैङ्क चेक लेख्न र फारमहरू भर्न ।

यसरी प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा छोटा प्रवन्धात्मक रचना लेख्न चित्रहरूको वर्णन गर्न लागएर विद्यार्थीहरूमा लेखन क्षमताको विकास गराउने पक्षामा पाठ्यक्रम अभिप्रेरित देखिन्छ ।

### २.२.५.२ निम्नमाध्यमिक पाठ्यक्रम २०५८

निम्न माध्यमिक तह भन्नाले कक्षा छ देखि कक्षा आठ सम्म भनेर परिभाषित गरिएको छ । यस तहको पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा प्रवन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, व्याकरण, शब्दभण्डारजस्ता विधाहरूलाई समेटिएको पाइन्छ । यो तह पूरा भएपछि विद्याथीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिका सन्दर्भमा स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न तथा स-साना मौलिक रचनाहरू लेख्न सक्ने उद्देश्य समावेश गरिनुले प्रवन्ध निबन्धलाई अत्याधिक रूपमा प्राथमिकता दिइएको पाइन्छ ।

विधागत वितरणलाई हेर्दा अन्य विधाहरूको तुलनामा निबन्ध/प्रबन्ध विधाका क्षेत्रहरूलाई बढी समावेश गरिएको देखिन्छ, जसअन्र्तगत सामाजिक, सांस्कृतिक, प्राकृतिक, वातावरणीय, कलात्मक, वैज्ञानिक, प्राविधिक, व्यावसायिक, क्षेत्रका निबन्धहरूलाई समावेश गरिएको छ । कक्षा छ, सात र आठमा निबन विधाको क्षेत्रतग वितरणमा समान स्थिति देखिन्छ । यस पाठ्यक्रममा निबन्ध शिक्षण प्रक्रिया पनि उल्लेख गरिएको पाइन्छ ।
यस विधाको मुख्य प्रयोजन विद्यार्थीहरूमा गद्यात्मक अधिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक अधिव्यक्ति क्षमताको विकास गर्नु पनि रहेको छ । निबन्ध शिक्षणको उद्देश्य स्वतन्त्र र निर्देशित रूपमा निबन्ध लेख्न अभ्यास गराउनु हो ।

### २.२.५.३. माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ र २०६४

माध्यमिक शिक्षा भन्ने वित्तिकै कक्षा ९ र १० भनी परिभाषित गरेको पाइन्छ । माध्यमिक तहका शिक्षाका उद्देश्यहरू सो पाठ्यक्रमले स्पष्ट किटान गरेका छ । ती उद्देश्यहरू, राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचित, प्रजातान्त्रिक मूल्य  र मान्यतासँग परिचित, भाषिक, व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका सृजनशिल, सहयोगी, स्वालम्बी नागरिक तयार गर्ने हुँदा सो पाठ्यक्रमले तहगत उद्देश्यअनुसार विषयगत उद्देश्यहरू समेत समावेश गरेको छ । नेपाली भाषालाई संस्थागत रूप दिन, राष्ट्रभाषा, साझाभाषा एवम् माध्यम भाषाका साथै सम्पर्क भाषाका रूपमा परिचित गराउन विद्यालय तहको पठन-पठन कार्यमा नेपाली भाषालाई महत्व दिइएको छ । यसलाई माध्यमिक तहको पठन-पाठन कार्यमा नेपलाी भाषलाई महत्व दिइएको छ । यसलाई माध्यमिक तहमा अनिवार्य विषयको रूपमा समावेश गरिनुले यसका लागि पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्नु जरूरी देखिन्छ । विद्याथीरूमा भाषिक दक्षता वृद्धि गर्नु तथा अन्य विषयको पठनपाठन कार्यमा माध्यम भाषा भई बोध र अधिव्यक्तिको विकास गर्नु नेपली भाषा शिक्षणको उद्देश्य हो ।

भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) का बारेमा माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ मा अलग-अलग उद्देश्यहरू निर्धारण गरिएको छ । जसमा लेखाइ सीप अन्तर्गत १० वटा उद्देश्यहरूलाई छुट्टयाइएको छ । लेखाइ सीपअर्न्तगत सातौ उद्देश्यमा स्तरअनुसारको विषयहरूमा सिलसिला मिलाएर अनुच्छेद छुट्टयाई निबन्ध लेख्न भन्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्यले निबन्धलेखनलाई जोड दिएको देखिन्छ । विधागत वितरण वा रूपमा यस पाठ्यक्रमले निबन्ध /प्रवन्ध, कथा, जीवनी, चिठी, रूपमा, दैनिकी, कविता भाषतत्व, शब्दभण्डार जस्ता विधाहरू राखिएको पाइन्छ । ती विधाहरूमध्ये निबन्ध विधालाई १० अंकभार तोकी अग्रस्थान दिइएको देखिन्छ । निबन्ध विधाअर्न्तगत क्षेत्रगत रूपमा सामाजिक, प्राकृतिक तथा वातावरणीय, कलाकैशल तथा सौन्दर्य, सांस्कृतिक तथा ऐतिहासिक, वैज्ञानिक तथा प्राविधिक र व्यावसायिक विषयहरू समावेश गरिएको छ । यसरी माध्यमिक पाठ्यक्रम २०५५ ले पनि निबन्धलेखनलाई उच्च स्थान दिएको पाइन्छ ।

यसैगरी माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले दक्षा र स्वस्थ नागरिक उत्पादन गर्ने लक्ष्य तथा उदेश्य राखी कक्षा १० को विशिष्ट उद्देश्यको लेखाइ सीपअन्तर्गत उद्देश्य नं.८ मा निबन्धलेखन उद्देश्य पनि समावेश गरेको देखिन्छ । लिखित अभिव्यक्तिका आधारभूत

नियम पालना गरी लेख्न सिकाउने अभिप्रायले निबन्धलेखन क्षमताको पनि सङ्केत गर्दछ । वस्तुपरक र आत्मपरक दुबै प्रकारका निबन्ध लेखनको चर्चा गरेको छ । विषयत हिसाबले सामासजक, प्राविधिक, सांस्कृति क्षेत्रहरू निर्धारण गरिएको छ । गद्यात्मक अधिव्यक्ति, बोध प्रश्नोत्तर, व्याख्या, सारांश, वाक्यप्रयोग, श्रृतिलेखन आदि प्रसङ्गले अन्ततः निबन्धलेखन क्षमतालाई पृष्ठपोषण दिने दरिलो काम गरिएको छ ।

# अध्याय तीन

## अध्ययन विधि

नयाँ तथ्य पत्ता लगाउन गरिने व्यवस्थित प्रयार नै अनुसन्धान हो । यो वैज्ञानिक र औपचारिक प्रक्रियाको हुन्छ र यसमा कुनै पनि सिद्धान्तको खोजी गर्ने र नयाँ तथ्य पत्ता लगाउने प्रयास गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान  विधिको विधिको विवरण सबभन्दा महत्वपूर्ण विषय बनेको हुन्छ । कुनै पनि अनुन्धान अध्ययन गर्दा सुरूदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई पूर्वयोजनाका रूपमा व्यवस्थित गरिनुपर्छ र त्यसपछिमात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा अड्चन आउदैन । अध्येताबाट प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाइएका विधिहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्व दिएर कुनैपनि निष्कर्षमा पुग्ने प्रयास उचित ठानिएको छ । कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षक सोभै विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या र प्रतिनिधि नमुना छनोट पहिचान गरी तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्वपरिक्षण र सङ्कलित तथ्याङ्कको (सामग्रीको) विश्लेषण, व्याख्या र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विविध सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको हो । अध्ययनमा अवलम्बन गरिएको प्रक्रियाहरूको विस्तुत विवरण निम्नानुसार छ :

### ३.१ जनसङ्ख्या र प्रतिनिधि नमुन छनोटः

शैक्षिकसत्र २०६८ मा कक्षाआठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रूपमा लिइएको छ । तर अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकाले अध्यनको सीमाङ्कन क्षेत्र सिन्धुली जिल्लाका नगरपालिका भित्रका निर्दिष्ट सरकारी र निजी

गरी चारओटा विद्यालयका २०/२० जनाका दरले ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.२ सामग्री निर्माण

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गरिनुपर्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य तथा सामग्री सङ्कलन गर्नुपर्ने भएकाले सोही अनुरूपका सामग्री निर्माण गर्नु आवश्यक ठानियो । लेखनकलासँग सम्बन्धित निबन्धलेखन जस्तो गहन विषयको लेखन विद्यार्थीहरूबाट गराउनुपर्ने हुँदा समसामयिक विषयहरूलाई शीर्षकका रूपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकहरूमाथि आवश्यक छलफल पश्चात् अध्येताबाट प्रस्तुत अध्ययनका लागि शीर्षकको चयन भएको हो । तत्पश्चात् सम्बन्धित शीर्षकमा सम्बन्धित विद्यार्थीहरूलाई निबन्ध लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयत्न गरियो ।

### ३.३ पूर्व परीक्षण

निवन्ध लेखनसम्बन्धी विद्यार्थीहरूको स्तर सुहाउँदो समसामयिक शीर्षकहरूमध्ये दुईओटा शीर्षकहरू छनोट गरी पाँच जना विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाएर पूर्व परीक्षण गरियो । तत्पश्चात् पूर्वपरीक्षण गरिएका उत्तरपुस्तिकालाई विभिन्न आधारमा जाँची प्राप्त नतिजाका आधारमा जुन विषयमा राम्रो लेख्छन् त्यही विषयमा मात्र निबन्ध लेख्न लगाइयो ।

### ३.४. सामग्रीको ब्याख्या, विश्लेषणः

अनुसन्धानको प्रमुख मेरूदण्ड भनेको नै सामग्री (तथ्याङ्क) सङ्कलन हो । प्रस्तुत अध्ययनको शीर्षक लेखाइसीपसँग सम्बन्धित भएकाले तथ्य सङ्कलनका क्रममा प्राप्त निबन्धमा अङ्कित गरिएको प्राप्ताङ्कलाई भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिको आधारमा समूहगत रूपमा वर्गीकरण गर्दै तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये मध्यमानभन्दा तल कति प्रतिशत विद्यार्थीहरू छन् र कति प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि छन् भनेर गणना गरियो । त्यसरी नै प्राप्ताङ्कका आधारमा उच्चतम् स्थान, मध्यम स्थान तथा न्यून स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसका साथै समग्र मध्यमान र विचलनको आधारमा अध्ययनमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरियो ।

(क) मध्यमान निकाल्न प्रयोग गरिएको सुत्र:

$$\text{Mean } (\bar{x}) = \frac{\sum x}{N}$$

यहाँ,

$(\bar{x})$ = मध्यम

$\sum X = X$ हरूको कूल योग

N = जम्मा विद्यार्थी संख्या

X = तथ्याङ्कलाई जनाउने संकेत बुझाउने हुन्छ।

(ख) मानक विचलन गणना गर्दा प्रयोग गरिएको सूत्र:

$$\sigma = \sqrt{\frac{(x - \bar{x})^2}{N}}$$

यहाँ,

$(\bar{x})$ = मध्यम

N = जम्मा विद्यार्थी संख्या

$\sigma$ = मानक विचलन

(ग) प्रतिशताङ्क गणना गर्न उपयोगमा आएको सूत्र:

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

T = कुल विद्यार्थी सङ्खा

R = तोकिएका श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या बुझ्नु जरुरी हुन्छ ।

यसरी सर्लाही जिल्लाका **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** शीर्षकका लागि क्षेत्रीय सामग्री सङ्कलन अध्ययन विधिअन्तर्गत सिन्धुली जिल्लाका विद्यालयहरूमध्ये चारओटा विद्यालयहरूलाई प्रतिनिधि नमुनाका रुपमा लिइएको हो । नमुनामा परेका विद्यालयबाट २०/२० जना विद्यार्थीहरू जम्मा ८० जना छनोट गरी निबन्ध लेखाइएको छ । निबन्ध लेख्नु पूर्व ‘प्राविधिक शिक्षाको महत्व’ दिई पूर्वपरीक्षण गरेर

प्राप्त नतिजाअनुसार २ ओटा शीर्षक ८० जना विद्यार्थीहरूलाई लेख्न लगाइएको छ । विद्यार्थीबाट प्राप्त नतिजाअनुसार व्याख्या र विश्लेण गरिएको छ ।

# अध्याय चार

## निबन्धलेखन क्षमताको ब्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनबाट सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अधिल्लो परिच्छेदमा गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा सर्लाही  जिल्लाभित्रका जम्मा ८० विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्य सङ्कलन गरिएको छ । यो तथ्यहरूलाई साङ्ख्यिकीय आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषित तरिकालाई अगाडि सारिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरूप निम्नानुसार देआइएको छ :

### ४.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

तलिका नं. १

| कुल सङ्ख्या | ३५% भन्दा कम | | ३५-४५% | | ४५-५५% | | ५५-६५% | | ६५-७५% | | ७५% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | % | % | % | % | % | % | % | % | % | % | % | % |
| ८० | - | - | २ | २.५ | ३४ | ४२.५ | २६ | ३२.५ | १६ | २० | १२ | १५ |

मथिको तालिकाबाट समस्त विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल सङ्ऋया ८० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ३५% भन्दा कम अङ्क ल्याउने कमजोर निबन्धलेअन क्षमता भएका विद्यार्थीहरू देखिएन । त्यसैगरी ३५%भन्दा माथि र ४५%भन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ अर्थात २.५% देखिन्छ । ४५% र ५५%को बीचमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता भएको सङ्ऋया ३४ अर्थात ४२.५ प्रतिशत देखिन्छ । ५५% र ६५% बीचमा निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ऋया २६ अर्थात ३२.५% रहेको देखिन्छ । त्यसैगरी ६५-७५ को बीचमा निबन्धलेअन क्ष्मता भएका विद्यार्थीहरूको सङ्ख्या १६ अर्थात २०% रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ७५%भन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ % मात्र रहेको छ । यसरी उच्चतम श्रेणीका

रूपमा मापन गरिएको विद्यार्थीहरूको सङ्ख्या १२ अर्थात प्रतिशत १५ मात्र देखिनुले समग्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । उक्त तथ्याङ्कअनुसार ५५ प्रतिशतभन्दा माथि र ६५ %भन्दा कम प्राप्तङ्क ल्याउन सफल विद्यार्थीहरूको सङ्ख्या २६ अर्थात ३२.५% देखिन्छ भने ७५ प्रतिशतभन्दा कम अङ्क ल्याउनेहरूको विद्यार्थीहरूको १६ अर्थात् २० % देखिनुले प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । तालिकामा उल्लेख भएअनुसार ६५% लाई आधार मानेर हेर्दा ६५ - ७५ को हाराहारीमा जम्मा २० प्रतिशत विद्यार्थी देखिएका छन् । त्यसैगरी ७५ % भन्दा माथि १५ % विद्यार्थी देखिुले समग्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ अर्थात सन्तोषजनक रहेको देखिदैन । ३५ प्रतिशतभन्दा तल अङ्क ल्याउने सङ्ख्या शून्य र त्यसपछि माथि अङ्क ल्याउनेहरूको सङ्ख्या अनुपात स्तर पनि मिलेको नदेखिएकाले समग्र निबन्ध लेखन क्षमता प्रशिताङ्क न्यून नै देखिन्छ ।

### **४.१.२ निजी तथा सरकारी विद्यालयमा विद्यार्थीहरूको समग्र मध्यमान तथा मानक विचलनका आधारमा विश्लेषण**

तलिका नं. २

| समग्र विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी | | मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी | | समग्र मानक विचलन |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| ८० | ६.१५ | ५२ | ६५ | २८ | ३५ | १०.८७ |

मथिको तालिकाको अध्ययनमा निजी विद्यालयको समग्र मध्यमान ६.१५ रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान ६.१५ भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी देखिन्छन् । यसरी नै मध्यमान र मानक विचलनको अन्तर अनुपात पनि बढी देखिन्छ । त्यसैगरी प्रतिशताङ्कमा ३५ प्रतिशत मात्र विद्यार्थी मध्यमानभन्दा माथि रहेको देखिन्छ ।

यसप्रकार समग्र मध्यमान र मानक विचलनले समेत निबन्धलेखन क्षमता कमजोर रहेको प्रष्ट हुन्छ । यसरी निबन्धलेखन क्षमता कमजोर रहेको प्रष्ट देखिएकाले कमजोरी पत्ता लगाउँदै निबन्धलेखन क्षमता वृद्धिमा ध्यान दिनु जरुरी रहेका तथ्य प्रष्टिन्छ । यहाँ सम्पूर्ण नमुना विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्कलाई मध्यमान र मानक विचलनका आधारमा छुट्टाछुट्टै विद्यालयको व्याख्या विष्लेषण गरिएको छ ।

### ४.१.३. मध्यमान र मानक विचलनका आधारमा रकवेल एकेडेमी बोर्डिङ्ग स्कूलका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति:

तलिका नं. ३

| सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तलका विद्यार्थी | | मध्यमानभन्दा माथिका विद्यार्थी | | मनक विचलन |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| २० | ६.२ | १० | ५० | १० | ५० | १.३ |

मथिका तालिकाबाट ६.२ भन्दा कम अङ्क ल्याउने र बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या बराबर देखिन्छ । उक्त परिणमलाई हेर्दा विद्यार्थीहरूको निबन्धलेखन क्षमता न त धेरै राम्रो न कमजोर नै देखिन्छ । मानक विचलनका आधारमा हेर्दा मानक विचलन १.३० रहेको छ । मध्याान र मानक विचलन देबैलाई आधार मानी विश्लेष गर्दा निर्दिष्ट विद्यार्थीहरूमध्ये कोही बढी जान्ने र कोही कम जान्ने भएका कारण सबै विद्यार्थीहरूको लेखन क्षमतामा भिन्नता देखापरेका छ । यसरी विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा निबन्धलेखनमा एकरूपता नभएका कारण कमजोर विद्यार्थीरूलाई बढी प्राथमिकता दिई निबन्ध लेखनमा प्रेरित गर्न सकिन्छ ।

### ४.१.४. मध्यमान र मानक विचलनका आधारमा अक्सफोर्ड बोर्डिङ्ग स्कूल लालबन्दी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

तलिका नं. ४

| सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तलका विद्यार्थी | | मध्यमानभन्दा माथिका विद्यार्थी | | मनक विचलन |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| २० | ६.८ | ७ | ३५ | १३ | ६५ | १.०२ |

मथिको तालिकाबाट अक्सफोर्ड बोर्डिङ्ग स्कूलका विद्याथीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिल्याउँदा मध्यमानलाई आधारमान्दा मध्यमान ६.८ भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ र कम अङ्क ल्याउनेहरूको सङ्ख्या ७ रहेको देखिन्छ । मध्यमानका दृष्टिले राम्रो नै देखिए तापनि मानकविचलनका आधारमा हेर्दा १.०२ रहनुले कोही विद्यार्थी बढी जान्ने र कोही विद्यार्थी नजान्ने देखिन्छ । मानक विचलन र मध्यमान

दुबैलाई आधार मान्दा विद्यार्थीहरूको लेखनक्षमतामा विविधता पाइन्छ । विद्यार्थीहरूको लेखन क्षमतामा एकरूपता नआउनाले कक्षामा रहेका कमजोर विद्यार्थीहरूलाई मध्यनजर गरी कमजोर गरी कमजोर विद्यार्थीहरूलाई बढी प्राथमिकतामा साथ अघि बढाउनुपर्ने देखिन्छ ।

**४.१.५. मध्यमान र मानक विचलनका आधारमा जानकी मा.वि. लालबन्दीका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिः**

तलिका नं. ५

| सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तलका विद्यार्थी | | मध्यमानभन्दा माथिका विद्यार्थी | | मनक विचलन |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| २० | ५.६ | ९ | ४५ | ११ | ५५ | ०.५८ |

मथिको तालिकाबाट जानकी माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको विश्लेषण गर्दा मध्यमानका आधारमा हेर्दा मध्यमान ५.६ भन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या ११ र कम अङ्क ल्याउनेहरूको सङ्ख्या ९ देखिन्छ । मध्यमान र मानक विचलन ०.५८ रहेको देखिन्छ । यसरी मध्यमान र मानक विचलन औसतमा कम रहेको र प्राप्त आँकडा समान रहेका कारण सबै विद्यार्थीहरूको लेखनक्षमतामा एकरूपता पाइन्छ । विद्यार्थीहरूको लेखनक्षमता विद्यार्थीको प्राप्त आँकडा समान रहेतापनि औषत अङ्क कम भएकोले विद्यार्थीहरूको लेखनक्षमता विद्यार्थीको प्राप्त आँकडा समान रहेतापनि औषत अङ्क कम भएकोले विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई मध्यनजर गर्दै सम्पूर्ण विद्यार्थीहरूलाई निबन्धलेखनमा प्रेरित गरी सुधार गर्नुपर्ने देखिन्छ ।

**४.१.६. मध्यमान र मानक विचलनका आधारमा जनज्योति उच्च मा.वि. लालबन्दी कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिः**

तलिका नं. ६

| सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तलका विद्यार्थी | | मध्यमानभन्दा माथिका विद्यार्थी | | मनक विचलन |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| २० | ६ | १४ | ७० | ६ | ३० | ०.८९ |

यसरी माथिको तालिकालाई आधार मानी लालबन्दी कक्षा आठमा पढ्ने विद्यार्थीहरूको निबन्धलेखन क्षमता विश्लेषण गर्दा मध्यमान ६ रहेको देखिन्छ र मानक विचलन ०.८९ रहेको छ। यसरी मध्यमानका आधारमा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू सङ्ख्या बढी देखिन्छ । मध्यमान र मानक विचलनलाई तुलना भने विद्यार्थीहरूको लेखनक्षमता सुधारोन्मुख रहेका मान्न सकिन्छ । यद्यपि मध्यमानको सङख्या मात्र पुऱ्याउने विद्यार्थीहरूलाई छाडेर हेर्ने हो भने निबन्धलेखन क्षमतालाई सुधार गर्नुपर्ने देखिन्छ।

यसरी प्रत्यक विद्यालयको छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकाली हेर्दा निजी र सामुदायिम विद्यालयका  विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सबै विद्यार्थीहरूको लेखन क्षमता एउटै नभएको देखिन्छ। तथ्याङ्कअनुसार अन्यका तुलनामा रकभेलको मध्यमान ६.२ र मानक विचलन १.०७ मानक विचलन बीचको अन्तर बढी नै देखिन्छ। त्यसैगरी तथ्याङ्कको एकरूपता जानकीमा पाइन्छ, जसको पुष्टि मानक विचलन ०.७४ ले गरेको देखिन्छ। प्रस्तुत अध्ययनमा निबन्धलेखन क्षमतासम्बन्धी विश्लेष गर्दा जम्मा ८० जना प्रतिनिधि छनोट गरियो । जसमा ४० जना सरकारी विद्यालय तर्फका र ४० जना निजी विदालयतर्फका छात्र/छात्राहरूको निबन्धलेखन क्षमतासम्बन्धि क्षमता प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा छुट्याइएको छ । यसरी निजी र सामुदायिक विद्यालयबीचको प्रतिशताङक धेरै विद्यार्थीहरू कमजोर ४५-५५ प्रतिशतको हाराहारीमा देखिनुले विद्यार्थीहरूमा निबन्धसम्बन्धि भारणात्मक ज्ञान भएपनि निबन्धको वस्तपक्ष, शब्दचयन तथा प्रयोग व्याकरण र विषयवस्तु आदि, मध्य र अन्त्यको श्रृङखला मिलाउने र सङ्गठन दरुस्त गर्ने पक्षमा विद्यार्थीहरू अनभिज्ञ देखिएका छन् । तसर्थ, निबन्धलेखन क्षमता सन्तोषजनक नदेखिएको तथ्य उपयुक्त अध्ययनले देखाएको छ।

यस अनुसन्धानमा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धताजस्ता आधारहरू लिई निबन्धित उत्तरपुस्तिकाहरूलाई अङ्कन गरिएको छ । यिनै आधारहरूमा आधारित रही सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्दा मध्यमानका आधारमा सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर नै देखिन्छ । निबन्धलेखन प्रक्रियाको प्रस्तुतिगत ढाँचासँग विद्याथीहरू परिचित रहेपनि भाषिक शुद्धता, विषयवस्तुको संयोजन सङ्गठन पक्षमा कमजोर देखिएको छन् । सरकारी विद्यालयमा योजनाबद्ध शिक्षण सिकाइ नहुनु अनि निजी विद्यालयमा नेपाली विषयलाई हेयको दृष्टिले हेरिनुले समग्रमा माध्यमिक तहका छात्र-छात्राहरूको निबन्धलेखन

क्षमा एकरुपता पाइएन । त्यसैले लेखाइ सीपमा दक्षता प्राप्त गर्न निबन्ध विद्यालाई व्यवस्थित रूपमा शिक्षण गर्दै लैजानु आवश्यक देखिन्छ ।

### ४.१.७ भाषिक पृष्टभूमिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

नेपाली पहिलो भाषी विद्यार्थीहरू र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सरकारी र निजी विद्यालयका नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

तलिका नं. ६

| विद्यालयको स्वरुप | भषिक पृष्टभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मनक विचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली पहिलो भाषी विद्यार्थीहरू | १९ | ६.०५ | ०.७७ |
| | नेपाली दोस्रो भाषी विद्यार्थीहरू | २१ | ५.५७ | ०.७३ |
| निजी विद्यालय | नेपाली पहिलो भाषी विद्यार्थीहरू | २७ | ६.६७ | १.५८ |
| | नेपाली दोस्रो भाषी विद्यार्थीहरू | १३ | ६.१५ | १.२३ |

माथिको तालिकाबाट भाषिक पृष्ठभूमिका आधारमा निजी र सरकारी विद्यालयका पहिलो नेपाली भाषी विद्यार्थीहरूको प्रतिनिधि नमुना जनसङ्ख्या जसमा ४६ रहेको छ । भने दोस्रो नेपाली भाषी विद्यार्थीहरूको सङ्ख्या ३४ रहेको छ । सङ्ख्या बराबर नभए पनि मानक विचलनका आधारमा हेर्दा सरकारी विद्यालयका पहिलो नेपाली भाषी विद्यार्थीहरूका मध्यमान ६.०५ र मानक विचलन ०.७६ रहेका छ । दोस्रो नेपाली भाषी विद्यार्थीहरू स्वभावत: आफैंमा स्वतन्त्र लेखनकलामा सक्षम रहन्छन् भन जनबोली निरर्थक बनेको देखिन्छ । नेपाली भाषा शिक्षणमा प्रयोगमा आएका साहित्यिक विधाहरूको आ-आफ्नै लेखनकलासम्बन्धी बन्धनहरू रहेका हुन्छन् । सोही विधागत बन्धनमा बाँधिन नसक्दा विधागत रचनामा सार्थकता पाउन सकिँदैन । निबन्धलेखनको ढाँचामा आवश्यक शिक्षणको अभावका कारण यस तहमा अध्ययनरत समग्र विद्यार्थीहरूको लेखन क्षमता सन्तोषजनक

देखिदैन तर मध्यमान र मानक विचलनका आधारमा हेर्दा विद्यार्थीहरूको लेखन क्षमताभन्दा पहिलो नेपाली भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्यतया राम्रो नै देखिन्छ ।

त्यसैगरी निजी विद्यालयका विद्यार्थीहरूमा पनि नेपाली पहिलो भाषी विद्यार्थीहरूको सङ्ख्या २७, मध्यमान ६.६७ र मानक विचलन १.५८ र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको सङ्ख्या १३, मध्यमान ६.१५ र मानक विचलन १.२३ रहनुले लेखन क्षमता कमजोर रहेको सङ्केत गर्दछ । यस तथ्यका आधारमा पनि विद्यार्थीहरूको क्षमतामा एकरूपता नभएको देखिन्छ । जसमा मानक विचलन १.५८ र १.२३ रहनुले अझ स्पष्ट हुन्छ । दोस्रो नेपाली भाषी विद्यार्थीहरूमा नेपाली भाषको स्वतन्त्र लेखनकलामा केही कमजोरी पाइएको कुरा प्रस्तुत तथ्याङ्कले प्रष्ट्याएको छ । त्यसैले समग्रमा माथिका तालिकाहरूमा देखाइए झैं मध्यमान र मानक विचलनका आधारमा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको लेखन क्षमता कमजोर रहेको प्रमाणित हुन्छ ।

## अध्याय - पाँच

## तुलानात्म विश्लेषण

### ५.१ सरकारी र निजी विद्यालयका विद्यार्थी समूहबीच निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा सर्लाही  जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ। अघिल्लो अध्यायमा अर्थात अध्याय चारको विश्लेषण र व्याख्यालाई आधार मानेर प्रस्तुत अध्यायमा शोधकर्ताद्वारा शोध निर्देशकको सल्लाह र सुझावमा मध्यमान र मानक विचलनबीच तुलनात्मक विश्लेषण गर्न खोजिएको छ । शोधकर्ताले लिइएका विद्यार्थी समूहबाट लिइएको तथ्यका आधारमा ती समूहहरूबीच निबन्धलेखन क्षमताका के-कति फरक छ भन्नेतर्फ तुलनात्मक अध्ययन केन्द्रित रहेको छ । मध्यमान र मानक विचलन र विद्यार्थीहरूबाट आएका प्राप्ताङ्कका आधारमा प्राप्त तथ्याङ्कलाई नै उपयोग मा ल्याइएको छ।

### ५.२ सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

तलिका नं. ७

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| सरकारी | ४० | ५.८ | ६.१५ | १.१९ | १.२५ |
| निजी | ४० | ६.५ | | १.२२ | |

मथिको तालिकामा सरकारी विद्यालयतर्फ ४० र निजी विद्यालयतर्फ ४० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा आएका छन् । समग्र मध्यमान ६.१५ रहेको छ । समूहगत रूपमा मध्यमानर्ला हेर्दा सरकारी विद्यालयतर्फ ५.८ र निजी विद्यालयतर्फ ६.५ रहेको छ । समग्र मानक विचलन १.२५ रहेका छ । समूहगत रूपमा मानक विचलन सरकारी र निजी विद्यालयको क्रमशः १.१९ र १.२२ अङ्कित छ।

यहाँ समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा सरकारी विद्यालयमा विद्यार्थी समुहको मध्यमान ०.३५ ले समग्रमध्यमान कम छ। निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समूह मध्यमान समग्र मध्यमानभन्दा ०.३५ ले बढी देखिएको छ । त्यसैगरी निजी विद्यालयमा अधयनरत विद्यार्थीहरूको समूहगत मध्यमान सरकारी विद्यालयमा

अध्यनरत विद्यार्थीहरूको समूहगत मध्यमानभन्दा ०.३५ ले बढी छ । यसबाट सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा निजी विद्यालयमा अध्यनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ भन्न सकिन्छ ।

यसैगरी समग्र मानक विचलनलाई आधार मान्दा समग्र मानक विचलन १.२५ रहेको छ । समग्र मानक विचलनभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन ०.०६ ले कम देखिन्छ भने निजी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ०.०३ ले बढी देखिन्छ । यसबाट के देखिन्छ भने सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा कम विचलित देखिन्छ भन निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मानक विचलन समग्र मध्यमानभन्दा बढी विचलित देखिनुले मध्यमान र मानक विचलनका आधारमा यी दुई समूहहरूको क्षमताबीच केही भिन्नता रहेका देखिन्छ ।

सरकारी विद्यालयका तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी देखिनुमा निजी विद्यालयको अध्ययन-अध्यापनका लागि सबैको समान सक्रियता देखिएको पाइन्छ भने यसको तुलनामा सरकारी विद्यालयमा शैषणिक व्यवस्थापन नै फितलो देखिन्छ । यसैले सरकारी विद्यालयमा अधययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ । प्रस्तुत अध्ययनमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूलाई समान सङ्ख्यामा समान प्रतिनिधित्व गराउने तथ्यपूर्ण निष्कर्ष निकाल्ने प्रयास निबन्ध लेखन क्षमताको यथार्थ परीक्षण हुन पुगेको छ ।

## ५.४. सारांश

प्रस्तुत अध्ययनमा प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा शोधकर्ताले विभिन्न समूह, वर्गबाट लिइएको तथ्यको आधारमा ती समूहहरूबीच निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार सरकारी विद्यालयका विद्यार्थीहरूको तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेअन क्षमता उचच रहेका देखिए पनि विचलनबाट निजी विद्यालयका विद्यार्थीहरू पनि प्रभावित रहेको देखिन्छन् । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको तुलना गर्दा मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका कक्षा दशमा अध्ययनरत पहिलो नेपाली भाषी विद्यार्थीहरूको मध्यमान

६.०५ र मानक विचलन ०.७६ देखिनु र सरकारी विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको मध्यमान ५.५७ र मानक विचलन ०.७३ देखिन्छ । त्यसैगरी निजी विद्यालयका नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमान ६.६७ र मान कविचलन १.५८ र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको मध्यमान ६.१५ र मानक विचलन १.२३ रहनुले सरकारी र निजी दुबै विद्यालयका नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।

# अध्याय छ

# निष्कर्ष तथा सुझावहरू

## ६.१ निष्कर्ष:

प्रस्तुत सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता शीर्षकको शोध अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ ।

१. समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशाङ्क स्थिति ६५ प्रतिशतलाई आधार मानी हेर्दा ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २० प्रतिशत मापन गराउन सफल देखिनुले सर्लाहि जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ ।

२. प्रत्येक विद्यालयको छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकाली हेर्दा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सुधार गर्नुपर्ने देखिन्छ ।

३. समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समूहगत मधयमान ०.३५ समग्र मध्यमानभन्दा कम देखिएकाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर भएका कारण लेखन क्षमतामा सुधार गर्नुपर्ने देखिन्छ ।

४. समग्र मध्यमान र मानक विचलनलाई आधार मान्दा समग्र मानक विचलन १.२५ रहेको छ । समग्र मानक विचलन भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको समूहगत मध्यमान ०.०६ ले कम देखिनुका कारण विद्यार्थीहरूको लेखन क्षमता कमजोर रहेको ठहर हुन्छ ।

५. निजी विद्यालयमा अध्ययनरत विद्यार्थी समूहको मध्यमान समग्र मधयमानभन्दा ०.३५ ले बढी देखिनुको कारण सरकारी विद्यालयका विद्यार्थीहरूको भन्दा निजी विद्यालयका विद्यार्थीहरूको लेखनक्षमता उच्च रहेको देखिन्छ ।

६. मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ०.०३ ले बढी रहेको देखिनुले सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेख क्षमता उच्च रहेको देखिन्छ ।

७. मध्यमान र मानक विचलनका आधारमा सरकारी र निजी विद्यालका नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूका तुलनामा पहिलो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य र राम्रो देखिन्छ ।

## ६.२ सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू उल्लेख गर्न सकिन्छ ।

१. निबन्धलेखन क्षमता लेखाइ सीपको विशिष्ट कार्यकलाप भएकाले भाषपाठ्यपुस्तकमा यसलाई महत्वपूर्ण स्थान दिनु जरुरी देखिन्छ ।

२. भाषाका चारओटा सीपहरूमध्ये लेखाइ सीप महत्वपूर्ण सीप भएकाले लेखाइ सीपलाई महत्वका साथ समावेश गरी पाठ्यपुस्तक निर्माण गरिनुपर्छ ।

३. भाषा पाठ्यापुस्तक निर्माण गर्दा विद्यार्थीहरूको उमेर, क्षेत्र, लिङ्ग, भाषिक पृष्टभूमिलाई मध्यनजर राख्दै पाठ्यवस्तुको छनौट र स्तरण गर्नुपर्दछ ।

४. विद्यालय तहमा निबन्ध विधालाई मात्र शिक्षण नजरी निबन्धलेखन शिक्षणलाई पनि प्रत्येक अभ्यास खण्डमा समावेश गरिनुपर्छ ।

५. निबन्धलेखन कला विद्यार्थीहरूको लेखनशैली जाँच्ने माध्यम भएका कारण समसामयिक विषयमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाएर लेखनप्रति विद्यार्थीहरूलाई उत्साहित गर्नुपर्दछ ।

६. समसामयिक विषयमा विद्यार्थीहरूलाई बुँदाटिपोट गर्न लगाएर आदि मध्य र अन्त्यको सिलसिला मिलाई निबन्धात्मक ढाँचामा लेख्न लगाउनुपर्छ ।

७. माध्यमिक तह तथा एस.एल.सी. परीक्षामा समावेश गरिने प्रश्नपत्रहरूमा निबन्धलेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनुपर्दछ ।

८. नेपाली विषयलाई हेलाको दृष्टिले हेर्ने र अन्य विषय पढेका शिक्षकले पनि नेपाली मढाउन सक्छन् भन्ने परिपाटीको अन्त्य गरी नेपाली विषयमा नै विशिष्टता प्राप्त गरेका शिक्षकद्वारा पढाउनु पर्ने परिपाटीलाई कडाईका साथ लागु गरिनुपर्छ ।

९. माध्यमिक तहको अनिवार्य नेपालीको प्रश्नपत्रमा दश (१०) पूर्णाङ्कको निबन्धलेखन समावेश गरिने हुदाँ निबन्धलेख शिक्षणलाई विशेष जोड दिनु जरूरी छ ।

१०. निबन्धलेखन क्षमताको विकास गराउन नेपाली विषय शिक्षकले कक्षामा नै समसामयिक विषयमा निबन्ध लेख्न लगाउने परिपाटी बसाल्नु पर्छ ।

११. निजी विद्यालयहरूमा नेपाली विषयलाई केवल औपचारिक रूपमा मात्र अध्यापन गराइनुले नेपाली भाषप्रति नै विद्यार्थीहरूमा वितृष्णा पैदा हुनेमात्र नभई उनीहरूको सिर्जनात्मक लेखन क्षमता नै खुम्चने हुदाँ यस्तो परिपाटीको अन्त्य गर्नुपर्छ ।

१२. सरकारी विद्यालयहरूमा निबन्धलेखनप्रति त्यति चासो नगरिएको र लेखनकला नै कमजोर देखिएकाले लेखन क्षमता अभिवृद्धि गर्न र विद्यार्थीहरूमा लेख्ने बानीको विकास गराउन शिक्षक कालोपटीको अगाडी उभिएर मात्र व्याख्यान विधिबाट मात्र नेपाली पढाउने परिपाटीको अन्त्य गरी विद्यार्थीहरूलाई नै सक्रिय बनाउने विद्यार्थीकेन्द्रत विधिहरूको प्रयोग गर्नुपर्छ ।

१३. विद्यालयहरूमा पठ्यपुस्तकहरूमा निर्धारित निबन्ध विधा त शिक्षण गरिन्छ तर निबन्धलेखन शिक्षण नगरिने हुँदा निबन्ध विधा शिक्षणभन्दा निबन्धलेखनमा विद्यार्थीहरूलाई बढी प्रेरित गराउनु पर्ने देखिन्छ ।

१४. निबन्धलेख क्षमताको विकास गर्नको लागि विभिन्न किसिमका निबन्धतात्मक प्रतियोगिता सञ्चालन गर्न, विद्यार्थीहरूलाई भाग लिन लगाउन प्रोत्साहित गरिनुपर्दछ ।

१५. जिलस्तरका निबन्धलेखन प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन उत्साहित गरी उनीहरूको निबन्धलेखन क्षमतालाई विकास गर्न सकिन्छ ।

१६. नेपाली भाषा पाठ्यपुस्तकमा निबन्ध विधा समावेश गरिएको भए पनि निबन्धलेखन विधाप्रति त्यति चासो नलिएको हुदाँ निबन्धलेखन क्षमता कमजोर भएको हो कि भन्ने कुर अध्येतालाई महसुस भएको देखिन्छ । तसर्थ, भाषा पाठ्यपुस्तकमा निबन्ध विधाभन्दा निबन्धलेखन विधालाई बढी जोड दिनुपर्छ ।

१७. यस अध्ययनमा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ ।

१८. यस अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेनल क्षमता कमजोर देखिएकाले यसको कारणसम्बन्धी अध्ययनलाई विषेश प्राथमिकता दिइ कमजोरी कम गर्दै लाने प्रयास अपरिहार्य देखिन्छ ।

१९. भाषिक पृष्टभूमिका आधारमा नेपाली पहिलो भाषी विद्यार्थीहरूभन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरू कमजोर देखिएको कारण नेपाली दोस्रो भाषी विद्यार्थीहरूलाई पनि विशेष ख्याल राख्दै लेखनक्षमतामा प्रेरित गर्न सकिन्छ ।

## ६.३ निबन्धलेखनको शैक्षिक प्रयोजन

भषाका चारओटा सीपहरूमध्ये महत्वपूर्ण सीपका रूपमा सीप रहेको छ । जसका माध्यमबाट व्यक्तिले आफ्ना मनका भावहरूलाई पोख्न सक्छ । त्यस्तै लेखाइ सीपअन्तर्गत निबन्धलेखन क्षमतालाई विशिष्ट कार्यकलापका रूपमा लिइन्छ । भाषका चारओटै सीपहरू एकआपसमा सम्बन्धित रहेका छन् । भाषिक सीपहरूलाई अलग्याएर शिक्षण गर्दा कुनै पनि सीपको विकास हुन सक्दैन । लेखाइ सीप भाषको प्रदानात्मक सीप हो , जसले मनको भाव सम्प्रेण गर्दछ ।

अतः प्रस्तुत अध्ययन-अुनसन्धान शैक्षिक प्रयोजन निम्नलिखित रहेका छ :

१. यस अध्ययन-अुनसन्धानबाट नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणमा परिष्कार र परिमार्जन ल्याउन सहयोग गर्नेछ ।

२. प्रस्तुत अध्ययनले भाषापाठ्यक्रममा समावेश गरिने भाषिक सीपको उद्देश्य पूरा हुने गरी विधागत छनोटको निर्धारण गर्न सहयोग छ ।

३. भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको समग्र पक्षमा ध्यान दिई भाष्निक सीपमहरू समावेश गर्नुपर्छ भन्ने कुरामा सचेत गराउँदछ ।

४. विद्यालय तहमा निबन्ध विधा महत्वपूर्ण विधा भएको महसुस गराउनेछ ।

५. प्रस्तुत अध्ययनले विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानको ख्याल गर्नुपर्दछ भन्ने कुरामा सहयोग गर्दछ ।

६. निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययन/अनुसान्धानका लागि यो अनुसन्धान आधार बन्नेछ ।

७. भाषा शिक्षणका विधि तथा पद्दतिहरूमा पनि थप सहयोग गर्नेछ ।

८. नेपाली भाषा शिक्षण गर्दा विषय शिक्षकलाई भाषिक सचेतताका बारेमा थप सहयोग गर्नेछ ।

९. प्रस्तुत अध्ययनले लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।

१०. विद्यालय तहका विद्यार्थीहरूमा नेपाली भाषाको लेखाइ क्षमता विकास गर्न सहयोग गर्नेछ ।

११. विद्यालयस्तरमा निबन्धलेखन शिक्षणको महत्वका बारेमा स्पष्ट पार्नेछ ।

## ६.४ भावी अुनसन्धानका लागि सम्भावित शीर्षकहरू

भषा सम्बन्धमा नयाँ-नयाँ कुराको खोजी गर्न, भाषका इतिहास, प्रयोग र उपलब्धिबारे ब्याख्या तथा विश्लेषण गरी नवीनतम तथ्य पहिल्याउन गरिएको शोधकार्यलाई नै अनुन्धान भनिन्छ । अनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो । यसको गन्तव्य कहिल्यै पूरा हुँदैन । एउटा सानो अनुसन्धानले कुनै पनि विषयवस्तुको सम्पूर्ण पक्षको खोजी गर्न सकिदैन । यसका विभिन्न सीमा र अवरोधहरू हुन्छन् । अनुसन्धान भनेको नै एउटा विशाल सागरबाट आफूले चाहेजति पानी भरी तृष्णा मेटाउनु सरह हो, किनकि यसको पूर्णता हुँदैन । यसलाई सबैपक्षबाट निरन्तरता दिनु पर्छ । त्यसैले अध्येताले प्रस्तुत अध्ययनका आधारमा निम्नलिखित शीर्षकमा भावी अनुसन्धन हुनु जरूरी ठानेको छ :

१. कक्षा छ पुरा गरेका विद्यार्थीहरूको श्रृतिलेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन,

२. कक्षा सातमा अध्ययनरत दोस्रो नेपाली भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,

३. कक्षा आठमा अध्ययनरत नेपाली मातृभाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनाच्मक अध्ययन,

४. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अुनलेखन क्षमताको अध्ययन,

५. कक्षा ३ पूरा गरेका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन,

६. कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,

७. कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन

८. कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लिखित अधिव्यक्ति क्षमताको अध्ययन,

९. निम्नमाध्यमिक तह र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लिखित अधिव्यक्ति क्षमताको तुलनात्मक अध्ययन,

१०. कक्षा दशमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमताको अध्ययन ।

# सन्दर्भ पत्रिका सूचि

**पाठ्यक्रम विकासकेन्द्र** (२०६१), **शिक्षा** २०६१ सानोठिमी भक्तपुर ।

**सम्प्रेषण परिवार, अङ्क १, २, ३, ४, ५, २०६१, २०६२, २०६३, २०६४, २०६५,** नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. वि. कीर्तिपुर ।

**अनिवार्य नेपालीको कक्षा आठको. उत्तर पुस्तिका परीक्षण कुञ्जिका, २०६७,** जिल्ला शिक्षा कार्यालय, सर्लाही ।

## सन्दर्भ सूची


अधिकारी, चन्द्रकान्त(२०५६), **अनिवार्य नेपाली बोध तथा अभिव्यक्ति,** काठमाडौ : एकताबुक्स डिस्टिब्युटर्स ।

घिमिरे, अम्बीका र रामकुमार राई(२०६६), **साधारण नेपाली**, जे.के. पब्लिकेशन ।

पौडेल, नेत्रप्रसाद(२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौ :पैरवी प्रकाशन ।

पौडेल, हेमनाथ(२०५५), **नेपाली व्याकरण, बोध र अभिव्यक्ति**, काठमाडौं : पैरवी प्रकाशन ।

प्रधान, मिरा(२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : अक्सफोर्ड ईन्टरनेशनल पब्लिकेशन प्रा.ली. ।

निरौला, फणिन्द्रराज र अन्य(२०६६), **अनिवार्य नेपाली व्याकरण, बोध रचना र कृति समिक्षा,** काठमाडौं : प्रधान बुक्स हाउस ।

.............(२०५६), **नेपाली एकाङ्की र निबन्ध**( वि.एड. प्रथम वर्ष ), काठमाडौंः विद्यार्थीपुस्तक भण्डार ।

भण्डारी पारसमणी(२०५३), **स्नाकोत्तर नेपाली शिक्षा शोधविवरण** काठमाडौं : न्यू हिरा बुक्स ।

..............(२०५३), अध्यापन अभ्यास परिचय, काठमाडौं : एकता बुक्स ।

.............., पारसमणि र यादवप्रकास लामिछाने तथा अन्य(२०६५), **नेपाली नाटक एकाङ्की र निवन्ध(वि.एड.प्रथम वर्ष),** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य(२०६८), काठमाडौं : पिनाकल एकेडेमी ।

भट्टराई, रामप्रसाद(२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन ।

घिमिरे, शान्ति प्रसाद र केशवराज पोखेल(२०६५), **साधारण नेपाली,** काठमाडौं : प्रधान बुक्स हाउस ।

शर्मा, गोपिकृष्ण, **नेपाली निबन्ध परिचय,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

त्रिताल, बुलबुला(२०६६), **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन, (अप्रकाशित स्नाकोत्तर शोधपत्र),** त्रि.वि.वि. कीर्तिपुर ।

## परिशिष्ट - क

निबन्धलेखनमा उपयोग गरिएका प्रतिनिधि शीर्षकहरू

समयको महत्व

खेलकुदको महत्व

विद्यार्थी जीवनमा अनुशासनको महत्व

निवन्ध लेखनमा उपयोग गरिएको उत्कृष्ट निवन्ध तल प्रस्तुत गरिएको छ ।

### विद्यार्थी जीवनमा अनुशासनको महत्व

नियमित रुपले विद्यालयमा लाग्ने व्यक्ति वा शिक्षण संस्थामा अध्ययनरत छात्रलाई विद्यार्थी भनिन्छ। विद्यार्थीको मुख्य काम विद्याध्ययन गर्ने हो र विद्यार्थी जीवनमा अनुशासनको ठूलो महत्व रहेको हुन्छ । अनुशासन भनेको नियम र मर्यादामा रहेर अगाडि बढ्ने हो । जुन विद्यार्थीको जीवन पद्धति मर्यादायुक्त र नियमबद्ध छ उसैले जीवनमा सफलताको शिखर चुम्न सक्छ । जीवनको सही गोरेटो समात्न चाहने विद्यार्थीका लागि घनिष्ट सम्बन्ध कायम गर्न सकेमा नै विद्यार्थीको भविष्य सुनिष्चित एवम् सार्थक हुन्छ।

वस्तुतः विद्यार्थी र अनुशासन एक रथका दुई पाङ्ग्रा हुन । कुनै एउटा पाङ्ग्रो विग्रदा रथको सन्तुलन विग्रीए जस्तै विद्यार्थी जीवनमा अनुशासन कमजोर हुन गएमा उसको जीवन उजाड मरुभुमी जस्तो बन्न पुग्छ । जीवनलाई सफल बनाउन विद्यार्थीले अनुशासनमा रहेर व्यावहारिक ज्ञान शिक्षकको निर्देशनबाट हासिल गर्न सक्छ । पुस्तकालयीय ज्ञान र व्यावहारिक ज्ञान हासिल गर्न पनि अनुशासनको आवश्यक्ता पर्दछ। जुन विद्यार्थी अनुशासित छ, उसैले मात्र आफुले पढेको विद्यालाई व्यवहारमा उतार्न सक्दछ । उसको व्यवहारले घर, परिवार र समाजलाई समेत प्रभाव पारि रहेको हुन्छ । सद्‌गुण द्धारा अनुशासित बनेको मानिसलेनै जीवनका हरेक कर्मक्षेत्रमा सफलता हासिल गर्न सक्छ।

वास्तवमा विद्यार्थीका लागि अनुशासन एक अत्यावशयक कुरा हो यसका अभावमा विद्यार्थीको जीवन अपुर्ण र अधुरो बन्छ । विद्यार्थीले घरका, विद्यालयका अनुशासन र नियममा रहेर धेरै परिश्रम र साधना गर्नु पर्दछ । उतसाह, जाँगर र लगनशिलता जस्ता गुणलाई अत्मसात गरी तपस्वी झैँ निरन्तर साधना गर्ने विद्यार्थीले मात्रै आफ्नो जीवनलाई सफल बनाउन सक्छ । यसका लागि विद्यार्थीले कुनै पनि कुलतमा नलागी आफुलाई योग्य र सक्षम बनाउने कार्यमा लगाई रहनु पर्दछ ।

परिशिष्ट - ख

नमुना विद्यालय तथा विद्यार्थीहरूको नामावली सरकारी विद्यालयहरूतर्फ :

क. जनकी मा.वि. लालबन्दी सर्लाही

| | |
|---|---|
| १. इशाा कार्की | २. नम्रता आले |
| ३. ममता काफ्ले | ४. सिता मगर |
| ५. लक्ष्मण तामाङ्ग | ६. जानुका श्रेष्ठ |
| ७. रामकुमार थापा | ८. सर्मिला मगर |
| ९. मिनेश गोले | १०. अञ्जना दाहाल |
| ११. गगन श्रेष्ठ | १२. जाभी गुप्ता |
| १३. सुशीला अधीकारी | १४. कृष्ण शाह |
| १५. आयुष्मा आचार्य | १६. खुशी दाहाल |
| १७. रामहरी बराल | १८. भावना पोखरेल |
| १९. भुवन आले | २०. सुदिप शाह |

ख.जनज्योति उच्च माध्यमिक विद्यालय लालबन्दी, सर्लाही

| | |
|---|---|
| १. आर्शीबाद न्यौपाने | २. सदीक्षा भण्डारी |
| ३. अनुश्का भट्टराइ | ४. गरीमा श्रेष्ठ |
| ५. लक्ष्मी तामाङ्ग | ६. जनार्जन श्रेष्ठ |
| ७. रामकुमारी थापा मगर | ८. चिरञ्जीवी बस्नेत |
| ९. शाइदिप अर्याल | १०. अञ्जु दाहाल |
| ११. श्वेता श्रेष्ठ | १२. जानुका गुप्ता |
| १३. कमला श्रेष्ठ | १४. विमला गौतम |
| १५. सपना मगर | १६. प्रर्मिला बस्नेत |
| १७. हरी बराल | १८. केशव गिरी |
| १९. रिमा मान्नधर | २०. सुदिप मगर |

ख. निजी विद्यालयहरूतर्फ:

क. रकभेल इङ्गलीस बोर्डिङ्ग. लालबन्दी सर्लाही

| | |
|---|---|
| १. सुमन बम्जर्न | २. रशिला गौतम |
| ३. सपन गोले | ४. राहुल वि.क. |
| ५. शिक्षा खतिवडा | ६. अनुष्का अर्याल |
| ७. प्रिन्सा भण्डारी | ८. सागर तामाङ्ग |
| ९. मिनेश गोले | १०. अञ्जना दाहाल |
| ११. बिबेक शाह | १२. सरीता गुप्ता |
| १३. सुशील अधीकारी | १४. कृष्णकुमार शाह |
| १५. गीता आचार्य | १६. रमीला दाहाल |
| १७. रामहरी खतिवडा | १८. सवनम पोखरेल |
| १९. सुरज आले | २०. अनिश शाह |

ख.अक्सफोर्ड बोर्डिङ्ग स्कुल लालबन्दी, सर्लाही

| | |
|---|---|
| १. गौरव बस्नेत | २. अपेक्षा आर्चाय |
| ३. रोहीणी भट्टराइ | ४. रिता श्रेष्ठ |
| ५. लक्ष्मण वाइवा | ६. रोशन श्रेष्ठ |
| ७. बाबुराम अधिकारी | ८. गिरीजा आले |
| ९. दिप अर्याल | १०. रमण पोखरेल |
| ११. राजु कार्की | १२. श्याम मगर |
| १३. सञ्य महत्तो | १४. र्निमला गौतम |
| १५. साजना श्रेष्ठ | १६. प्रर्मिला बस्नेत |
| १७. निशा घिमिरे | १८. केशव गिरी |
| १९. सम्भना खतिवडा | २०. निशान घिमिरे |